धार्मिक भावले मानिसलाई अनुशासित बनाउँछः मन्त्री पाण्डे पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक २७४ • २०८१ साल फाल्गुन १६ गते शुक्रबार (28 February, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-



## हनुमानगढीमा माध्यमिकी परिक्रमाको डोला



**टुडे समाचारदाता**

जनकपुरधाम । विधिवत रुपमा बिहीबारदेखि मिथिला माध्यमिकी परिक्रमा शुरु भएको छ । धनुषाको मिथिला विहारी नगरपालिकास्थित ठेरा कचुरीस्थित मन्दिरबाट डोलाको शुभारम्भसंगै जनकपुरधामको हनुमानगढीमा पुगेसंगै आरम्भ भएको मानिन्छ ।

१५ दिनसम्म चल्ने माध्यमिकी यात्रामा लाखौं साधु-सन्तसंगै श्रद्धालुहरू नेपाल तथा भारतको विभिन्न स्थानबाट सहभागी हुनेछन् ।

मिथिला परिक्रमा प्राचीन मिथिला क्षेत्रको धार्मिक स्थल र मन्दिरहरूको महत्त्वलाई उजागर गर्ने प्रमुख धार्मिक यात्राको रुपमा रहेको छ । परिक्रमाको प्रारम्भ जनकपुरधामबाट भएको छ । किशोरीजीको डोला र कचुरी मठबाट मिथिला बिहारी भगवान रामचन्द्रको डोला यात्रालाई परिक्रमा गराइन्छ । फागुन कृष्णपक्षको औंसीका दिन परिक्रमा प्रारम्भ हुने परम्परा रहेको छ। माध्यमिकी परिक्रमामा १ सय ३३ किलोमिटरको यात्रा गर्ने गरिन्छ।

ठेराकचुरीबाट शुरु भएको डोला परिक्रमा जनकपुरधामको हनुमाननगरमा विश्राम गर्दै क्रमशः भारतकोकल्याणेश्वर,गिरिजास्थान, नेपालको मटिहानी जलेश्वरनाथ महादेव मन्दिर, मडइ, ध्रुव कुण्ड, कञ्चनवन हरिणमरी, पर्वता, धनुषाधाम, सतोषर, औरही, भारतको विशौल, करुणा, नेपालको जनकपुरधाममा परिक्रमामा सहभागी भएका श्रद्धालुहरु अन्तिम दिन अन्तरगृह अन्तर्गतको पञ्चकोशी यात्रा गरी समापन भएको मानिन्छ।

### जसपा नेपालको महाधिवेशन रद्द हुने जोखिम

# भूमि विधेयक पास हुनेमा नेकाँ र एमाले विश्वस्त

**टुडे समाचारदाता**

जनकपुरधाम। सरकारले ल्याएको अध्यादेशहरु पारित नगर्ने अडानमा रहेको जनता समाजवादी पार्टी (जसपा) नेपालले ९ महिना पूर्व सम्पन्न गरेको एकताको प्रथम राष्ट्रिय महाधिवेशनमाथि ग्रहण लागेको छ।

निर्वाचन आयोगले जसपा नेपालको महाधिवेशनलाई मान्यता दिएर दल दर्ताको अद्यावधिक गरेको छैन । जसपा नेपालले पार्टी विभाजन विरुद्ध निर्वाचन आयोगसमेतलाई विपक्षी बनाइ सर्वोच्च अदालतमा दर्ता गरेको रिट विचाराधीन छ।

तर सर्वोच्च अदालतले निर्वाचन आयोगको नाममा जारी गरेको अन्तरिम आदेशमा यथास्थितिमा राख्नु भने उल्लेख छ। निर्वाचन आयोगले त्यसमै टेकेर जसपा नेपालको महाधिवेशनलाई वैधानिकता रोकेको स्रोतहरुले जनाएका छन् । यथास्थितिमा राख्ने आदेश विपरीत जसपा नेपालले महाधिवेशन गरी नयाँ कार्यसमिति गठन गरेकोले अद्यावधिक गर्न नमिल्ने स्रोतले जनाए।

जसपा नेपाल विभाजन भएर गठन भएको जनता समाजवादी पार्टी(जसपा)लाई २४ घण्टा भित्र दलको मान्यता दिएको थियो । निर्वाचन आयोग पूर्वाग्राही भएको आरोप जसपा नेपालले लगाउँदै आएको छ।

विभाजित भएर गठन भएको जसपालाई गैरकानुनी रुपमा मान्यता दिएको जसपा नेपालका प्रवक्ता मनिष सुमनले बताए। 'विभाजित भएर बनेको समुहलाई कानुन विपरीत निर्वाचन आयोगले मान्यता दिए' उनले भने, तर जसपा नेपालको वैधानिक महाधिवेशनलाई अद्यावधिक गर्न ऐन कानुन विपरीत ढिलाइ गरेको छ।




पार्टीको विधान विपरीत महाधिवेशन गरिएको उजुरी जसपा नेपाल लुम्बिनी प्रदेशका अध्यक्ष अशोक यादवले निर्वाचन आयोगमा दर्ता गराएका हुन्। पार्टीको विधानमा महाधिवेशनबाट पदाधिकारी र केन्द्रीय सदस्यको चयन गर्ने प्रष्ट प्रावधान रहे पनि अध्यक्ष यादवले आफू खुशी मनोनयन गरेको आरोप छ।

एउटा पदमा मनोनयन गरेको र अर्को पदमा मनोनित गरेको, सर्वसम्मतको प्रकृया समेत नअपनाइएकोले महाधिवेशन बदर हुनेमा जसपाका नेताहरु विश्वस्त देखिन्छन्।

सरकारमा रहेको जसपाले भूमी सम्बन्धी लगायत सबै अध्यादेशलाई पास गरिने बताएको छ। पार्टीका उपमहासचिव समेत रहेका खानेपानी मन्त्री प्रदीप यादवले सबै अध्यादेश संसदबाट पास हुने दाबी गरे।

'सत्ता गठबन्धनमा रहेका सबै दलले अध्यादेशलाई पास गर्न समर्थन जनाउने छन्' उनले भने, सत्ता गठबन्धनमा रहेका दलहरुसित शीर्ष नेताहरु संवादमा रहेकाले अध्यादेशहरु पारित हुनेछ।

तर जसपा नेपालले सरकार भूमि सम्बन्धी अध्यादेश फिर्ता नलिए अन्य अध्यादेशहरुलाई समेत समर्थन नगर्ने औपचारिक निर्णय नै गरिसकेको छ। सरकारमै रहेको लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले समेत भूमि सम्बन्धी विधेयकलाई यथास्थितिमा पारित नगर्ने सार्वजनिक रुपमा नै जनाइसकेका छन्। उनले विज्ञप्ति जारी गरी अध्यादेशलाई समर्थन नगर्ने धारणा सार्वजनिक गरेपछि अध्यादेशहरुको भविष्य अनिश्चित बनेको छ।

हुन त कांग्रेस र एमालेका नेताहरु अध्यादेश पारित हुनेमा विश्वस्त देखिएका छन् । उनीहरुले १ नम्बर मार्गबाट नै अध्यादेश पारित हुने बताउँदै आएका छन्।

जसपा नेपालले सरकारमा सहभागिता र मधेश प्रदेशको सरकारमा जान 'वार्गेनिंग'का लागि अध्यादेशको विरोध गरेको आरोप लगाइएको थियो। तर यथार्थ कारण पार्टीको महाधिवेशनको वैधता नै मुख्य मुद्दा देखिएको छ।

जसपा नेपाल विभाजन गराउने प्रमुख दल एमालेले जसपालाई कुनै हालतमा छाडने छैन। जसपालाई च्यापे सम्म जसपा नेपालको समर्थन प्राप्त गर्न सहज छैन।

जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादवले सत्तासीन दलहरुको घुर्कीले राष्ट्रघाती अध्यादेश पारित नगर्ने बताए। 'भूमि सम्बन्धी अध्यादेश पारित भए तराई मधेशको वनजंगलसमेत सार्वजनिक जग्गाहरु भूमाफियाको अधिनमा हुनेछ' उनले भने, देशहित विपरितको कार्यमा समर्थन हुने छैन। जसपा नेपालले यादवकै संयोजकत्वमा भूमि सम्बन्धी अध्यादेश अध्ययन समिति गठन गरेको थियो। उनकै प्रतिवेदनको आधारमा जसपा नेपालले समर्थन नगर्ने निर्णय गरेको बताइएको छ।

जसपा नेपालको महाधिवेशन अद्यावधिक र सरकारको भूमि सम्बन्धी अध्यादेशको प्रसंग अहिले जोडिएको छ। निर्वाचन आयोगको भूमिका उपर प्रश्न उठाउँदै आएको जसपा नेपालको महाधिवेशनले ९ महिना बितिसक्दा पनि मान्यता पाउन सकेको छैन।

आगामी हप्ता जसपा नेपालको कार्यकारिणी समिति र केन्द्रिय समितिको बैठक बस्दै छ। सो बैठकमा अध्यादेश लगायतका एजेण्डाहरुमाथि छलफल हुने बताइएको छ।






# सुशासनको लागि राजनीतिक दलहरू पारदर्शी बन्नुपर्छ: सांसद विश्वकर्मा



काठमाण्डु । राष्ट्रियसभाको सदस्य भएको एक वर्ष भयो । संसद्मा पहिलो पटक प्रवेश गरेको हुँ । संसद् मैले सोचेभन्दा फरक रहेछ । राष्ट्रियसभामा आउँदै गर्दा सबै समान होलान् भन्ने लागेको थियो, त्यसो रहेनछ । संसद्मा पनि त्यहि किसिमको विभेद हुँदो रहेछ । समान ढङ्गबाट नीति निर्माण भएको होला भन्ने लागेको थियो । राष्ट्रियसभामा प्रवेश गरेपछि थाहा भयो, यहाँ पनि दलितमाथिको विभेद् स्पष्ट रूपमा देखिन्छ ।

विसं २०७२ मा संविधान घोषणा भएपछि करिब तीन सय ४० वटा ऐन बनेका छन् । मौलिक हकको विषयमा १६ वटा ऐन बनेछन् । तर दलित समुदायको मौलिक हकको विषयमा एउटा पनि ऐन बनेको देखिँदैन । दलित समुदायबारे एकीकृत ऐन अहिले पनि बनेको छैन । अन्तरिम संविधानकालमा २०६८ सालमा जातीय भेदभाव तथा छुवाछूत (कसुर, सजाय) ऐन बनेको थियो । त्यो बाहेक संविधानको मौलिक हकमा व्यवस्था गरिए अनुसार दलितको लागि छुट्टै ऐन बनेको छैन । यसको बारेमा कुनैपनि राजनीतिक दलका प्रतिनिधि र सरकारको ध्यान पुगेको देखिएन । संविधान जारी भएपछि दलित समुदायबाट मन्त्री र राज्यमन्त्री बनेका छन् । तर कसैको पनि दलितसम्बन्धी कानुन बनाउनेतर्फ पर्याप्त ध्यान गएको छैन ।

अहिले संविधान संशोधनका बारेमा छलफल हुन थालेको छ । संविधान संशोधन गर्नुपर्छ तर दलित, महिला, आदिवासी जनजाति, मधेशी, उत्पीडित समुदायको पक्षमा संशोधन गर्नुपर्छ । संविधान संशोधनको नाममा उनीहरूको अधिकार कटौती गर्न पाइँदैन । संशोधन सबैको हित र आवश्यकताका आधारमा हुनुपर्छ । राजनीतिक दलको स्वार्थको निम्ति संशोधन गरिनु हुँदैन ।

राष्ट्रियसभालाई मात्रै समानुपातिक बनाउने तर प्रतिनिधिसभालाई समानुपातिक नबनाउने तरिकाले संशोधन हुँदैछ भन्ने पनि सुनिन्छ । अहिले दलित, महिला, आदिवासी जनजाति, मधेशी र उत्पीडित समुदायलाई धेरै अधिकार भयो भन्ने बहस पनि चलिरहेको छ । यो गलत व्याख्या हो । ती समुदायका लागि हाल संविधानमा केही अधिकारको व्यवस्था गरिएको छ तर त्यो पर्याप्त छैन । दलित समुदायले पाएका अधिकारलाई अझ थप गर्नुपर्छ । संविधान संशोधन पश्चगमन होइन, अग्रगमनका लागि हुनुपर्छ ।

संविधान जारी भएको करिब एक दशक भएको छ । यसको कार्यान्वयनलाई हेर्दा जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । मौलिक हकअन्तर्गत कानुन बन्न सकेका छैनन् । उत्पीडित समुदायलाई सम्बोधन गर्नेगरी ऐनहरू बनेका छैनन् । सरकार र संसद् ऐन बनाउनेभन्दा पनि दलगत स्वार्थमा केन्द्रित हुनु दुर्भाग्य हो ।

प्रष्ट छ, ऐन नबनेसम्म संविधान कार्यान्वयन हुँदैन । निजामती सेवा ऐन, प्रहरी ऐन र सङ्घीय वित्तसम्बन्धी ऐनहरू बन्न सकेका छैनन् । संविधान पूर्ण रूपमा कार्यान्वयन नहुँदा मुलुकमा अराजक स्थिति उत्पन्न हुन्छ । त्यसैले संसद् र सरकारले यथाशीघ्र ऐन बनाउनतर्फ ध्यान दिनुपर्छ ।

अर्को, मुलुकमा भ्रष्टाचार व्याप्त छ । महङ्गी उत्तिकै छ । नेपाल युवा शक्ति भएको मुलुक हो । तर देशभित्रै रोजगारी नहुँदा दक्ष युवा विदेश पलायन हुनु परेको छ । सरकारले देशभित्र उद्योग कलकारखाना खोलेर विदेसिएका युवाका लागि नेपाल फर्कने वातावरण निर्माण गर्नुपर्छ । विडम्बना के छ भने भएका सरकारले त्यत्रो लगानी गरेर स्थापना गरेका उद्योग, कलकारखानाहरू पनि बन्द अवस्थामा छन् । त्यसलाई सञ्चालन गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ । उत्पादन बढाउनुपर्छ । सरकारले पटकपटक नीति बनाउँछ । बजेटमा स्वरोजगारको कुरा आउँछ । तर कार्यान्वयन हुँदैन । गाउँ युवाविहीन हुँदैछ ।

सरकारले बजेटमा कृषि उत्पादनलाई प्राथमिकता दिएको हुन्छ । तर कार्यान्वयनको पाटो कमजोर छ । एक ठाउँका लागि बजेटको व्यवस्था गरिएको हुन्छ तर रातारात अर्को ठाउँमा रकमान्तर हुन्छ । जनताको अवस्था परिवर्तन गर्नु मुख्य कुरा हो । जनतालाई रोजगारी दिनु मुख्य कुरा हो । हामीले व्यवस्था परिवर्तन गरेपनि जनताको अवस्था परिवर्तन गर्न सकेका छैनौँ । अब जनताको अवस्था परिवर्तन गर्नेतर्फ सरकारहरू लाग्नुपर्छ । जनताको अवस्था परिवर्तन हुँदै गएपछि विकासका काम त आफैँ हुँदै जान्छ ।

अबको मेरो योजना भनेको दलितसम्बन्धी एकीकृत कानुन निर्माणका लागि पहल गर्नेतर्फ हुन्छ । संविधानको धारा २५ र ५० अनुसार कानुन बनाउनेतर्फ मेरो ध्यान जानेछ । ती धाराको आधारमा ऐन बनाउनका लागि मेरो सक्रिय भूमिका हुनेछ । दलित समुदायलाई विशेष अधिकार दिनुपर्छ । राजनीतिक दलको सम्पत्ति सार्वजनिक गर्नुपर्छ ।

सुशासनको लागि राजनीतिक दलहरू पारदर्शी बन्नुपर्छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य विष्णुबहादुर विश्वकर्मा राष्ट्रियसभाको सदस्य हुनुहुन्छ । सानैदेखि जातीय भेदभाव तथा छुवाछूतको पीडा भोग्नुभएका विश्वकर्मा जान्ने भएदेखि दलित समुदायको अधिकारको निम्ति सङ्घर्ष गर्दै आउनुभएको छ ।रासस

# मिथिला माध्यमिकी परिक्रमाका श्रद्धालुका लागि हेल्पडेस्क




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल - नेपाल-भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक नेपालको संयुक्त आयोजनामा मिथिला मध्यमा परिक्रमा अन्तर्गत श्रद्धालु भक्तजन, साधु-सन्त तथा सम्पूर्ण यात्रुहरूको स्वास्थ्य र सुविधालाई ध्यानमा राखी १५ दिने परिक्रमामा आज देखि हेल्पडेस्क सञ्चालन गरिएको छाहेल्प डेस्क नेपाल तर्फ पर्ने ११ बासामा संचालन गर्ने क्लोथ बैंक को कार्यालय सचिव कृष्ण कुमार साहले जानकारी दिए ।

बिहीबारको कार्यक्रम हेल्प डेस्कका सहसंयोजक रुबी झाको संयोजकत्वमा सम्पन्न भएको थियो ।

कार्यक्रममा संस्थाका कार्यालय सचिव कृष्णकुमार साह, क्लोथ बैंक नेपालका सचिव मनिष श्रीओम, उद्योग वाणिज्य संघ धनुषाको अध्यक्ष सुरेन्द्र भण्डारी, प्राध्यापक डा. सुशील यादव, इन्द्रेश झा बाल अभियानी आदित्य झा, तथा धनेश्वर ठाकुर को विशेष उपस्थिति रहेको थियो। सिअहेब दिलीप मिश्र सहित अन्य सदस्यहरूले यात्रुहरूलाई स्वागत गर्दै स्वास्थ्य जाँच तथा आवश्यक सामग्रीहरू वितरण गरेका थिए । सो कार्यक्रममा नेपाल-भारत खुला सीमा संवाद समूहका अध्यक्ष डा. राजीव झा ले मिथिला मध्यमा परिक्रमाको उद्देश्य तथा यसको सांस्कृतिक एवं धार्मिक महत्वबारे चर्चा गरेका थिए ।

> सो कार्यक्रममा नेपाल-भारत खुला सीमा संवाद समूहका अध्यक्ष डा. राजीव झा ले मिथिला मध्यमा परिक्रमाको उद्देश्य तथा यसको सांस्कृतिक एवं धार्मिक महत्वबारे चर्चा गरेका थिए ।

संस्थाद्वारा प्रत्येक बर्ष परिक्रमा यात्रुहरूलाई आवश्यक स्वास्थ्य सहयोग, पानी, बेपत्ताहरुको खोजतलास तथा अन्य सुविधाहरु उपलब्ध गराइँदै यात्रालाई सहज बनाउन संस्थाले महत्वपूर्ण भूमिका खेल्दै आएको संस्थाका प्रवक्ता प्रमोद कुमार साहले बताए ।

# 'सिड' समितिको सुझाव कार्यान्वयन गर्न सरकार तयार छ : मन्त्री सुडी



काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले सरकार महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी (सिड) समितिले दिएको सुझाव कार्यान्वयन गर्न तयार रहेको बताउनुभएको छ ।

महिला, कानुन र विकास मञ्चले यहाँ विहिबार आयोजना गरेको 'सिड ९०औँ सत्र'को निष्कर्ष र सुझाव उपर सञ्चारकर्मीसँगको छलफलका क्रममा मन्त्री सुडीले यो विषय आफ्नो मन्त्रालयसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले यसतर्फ मन्त्रालय सचेत रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा लैङ्गिक समानताको यात्रामा भएका प्रगति र चुनौति दुवैलाई प्रतिवेदनमा समेटिएको छ, कानुनी तथा नीतिगत संरचनामा सुधार भए पनि ती नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन गर्नु हाम्रो प्रमुख चासो हो, हामी यस्ता चुनौतीलाई समाधान गर्न लक्षित नीति, कार्यक्रम तयार गरी नागरिक समाजसँग सहकार्य गर्न सधैँ तयार छौँ ।"

महिला हिंसा उन्मूलन गर्न नेपाल पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री सुडीले त्यसका लागि कानुनी तथा नीतिगत संरचना बलियो बनाउँदै लगिएको बताउनुभयो ।

"सरकार राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका लागि सधैँ तत्पर छ, जवाफदेही पनि छ, महिला समानता र विकाससम्बन्धी सबै पक्ष समेटेर संयुक्त राष्ट्र सङ्घको महासभाले पारित गरेको महिला महासन्धि महिलाको मानव अधिकारलाई वैधानिक मान्यता दिएको एक महत्वपूर्ण अन्तरराष्ट्रिय दस्तावेज हो, सिड महासन्धिको पूर्ण कार्यान्वयन गर्न मन्त्रालय सधैँ क्रियाशिल छ", उहाँले भन्नुभयो ।

सरकारी र गैर सरकारी संस्था सँगसँगै अगाडि बढ्नुपर्छ भन्ने सरकारको मान्यता रहेको मन्त्री सुडीको भनाइ थियो ।

उहाँले सरकार र गैरसरकारी संस्था एकअर्काका प्रतिद्वन्द्वी नभइ एउटै उद्देश्यका निम्ति काम गर्ने संस्था भएको बताउनुभयो । सरकार र गैरसरकारी संस्थाले सहकार्य गरेर काम गरेमा महिला अधिकार सुनिश्चित गर्दै महिला माथि हुने विभेद र हिंसा अन्त्य गर्न सकिने मन्त्री सुडीको भनाइ थियो ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले सिडमा व्यवस्था गरिएको महिला, आदिवासी, जनजातिलगायत उत्पीडित समुदायको विषयलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का उपाध्यक्ष दुर्गा सोव र महिला, कानुन र विकास मञ्चका अध्यक्ष गीता अर्यालले सिडमा मावेश महिलाका विषयलाई सरकारले कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# फिल्मीशैलीमा साथीको हत्या, तीन पक्राउ

**अनिल तिवारी**

वीगञ्ज । फिल्मीशैलीमा आफ्नै साथीलाई हत्या गरेका आरोपमा तीनजना युवकलाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।

पर्सा प्रहरीका अनुसार वीरगञ्ज महानगरपालिका-२७ स्थित उदयपुर घुर्मीका १९ वर्षीय मुकेश प्रसाद यादव, १९ वर्षीय अरूणकुमार यादव र अर्का मुना तिवारी हत्याको अभियोगमा पक्राउ परेका छन् ।

उनीहरूलाई सोही ठाउँका १९ वर्षीय इशाल प्रसाद कुर्मीको हत्या गरेको आरोप प्रहरीले पक्राउ गरेको छ । हिन्दी चलचित्रमा भिलनको दृश्यबाट अभिप्ररित भएर साथीको हत्या गरेको प्रहरीले जनाएको छ । मृतक फागुन ७ गते वीरगन्ज बजार जान्छु भनेर निस्किएका थिए । फागुन ११ गते शव फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साको एसपी गौतम मिश्रले बताउनु भयो ।उनले भने,'तास खेल्ने क्रममा सापटी लिएको पैसा नदिएको भनेर हत्या भएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ ।'

सो घटनामा पर्सा जिल्ला अदालतबाट ज्यान सम्बन्धी कसुरमा ६ दिनको म्याद थप गरेर उनीहरूमाथि अनुसन्धान भइरहेको एसपी मिश्रले बताउनु भयो । इसाल अबेर रातीसम्म पनि घर नफर्किए पछि छोराको खोजतलास गरिदिन जोगिन्द्र प्रसाद कुर्मीले फागुन ८ गते जिल्ला प्रहरी कार्यालय पर्सामा निवेदन दिएका थिए ।



निवेदन दर्ता भएपछि प्रहरीले खोजतलास गर्ने क्रमा फागुन ११ गते शव भेडाहा खोलामा तैरीरहेको अवस्थामा प्रहरीले फेला परेको थियो ।

# सवारी दुर्घटनामा परी एकको मृत्यु



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा सवारी दुर्घटनाबाट एकको मृत्यु भएको छ ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत जिल्लाको हरिवनमा गाडीले किचेर एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

हरिवन नगरपालिका-११ स्थित चिनी मिल जाने गेटदेखि १०० मिटर पश्चिमतर्फ हालसम्म पहिचान हुन नसकेको सवारीले ठक्कर दिदाँ मलंगवा नगरपालिका-५ बस्ने हरिवन नगरपालिका-४ तीनघरेस्थित 'टाइम वार्टर' नामक पानी फ्याक्ट्रीमा कार्यरत ४५ वर्षीय बुधेश सहनीको मृत्यु भएको जनाइएको छ ।

बिहीबार इलाका प्रहरी कार्यालय हरिवनको मोवाइल गस्ती टोलीले बेवारिसे पुरुषको शव फेला पारेको थियो । ती पुरुषलाई तत्काल नमूना अस्पताल हरिवन लैजाँदा चिकित्सकले मृत घोषणा गरेको सर्लाही प्रहरीले जनाएको छ । सोधखोज गर्ने क्रममा बिहीबार मृतकको सनाखत भएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक किशोर तामाङले जानकारी दिए ।

प्रहरी निरीक्षक तामाङले दुर्घटनामा संलग्न सवारी पत्ता लगाउन राजमार्ग क्षेत्रका सिसिटिभी फूटेजको अनुसन्धान जारी रहेको बताए । उनका अनुसार बुधेश सहनीलाई किच्ने सवारीको पहिचान हुने आधार प्रहरीले फेला पारिसकेको छ ।

घटनापछि मृतक पक्षकाले दुर्घटनामा संलग्न सवारीलाई नियन्त्रणमा लिन माग गर्दै पूर्व-पश्चिम राजमार्गअन्तर्गत तीनघरेस्थित लच्कामा टायर बालेर प्रदर्शन गरेका थिए ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | बौद्धिकक्षेत्रमामानरसम्मानमिल्नेछ। |
| वृष : | धार्मिक कार्यमा सहभागी हुने योग छ। |
| मिथुन : | शरीरमा गर्मीका कारण लाग्ने रोगकले सताउने छ। |
| कर्कट : | प्राविधिक शिक्षाको लगानीबाट राम्रो फाइदा हुने दिन छ। |
| सिंह : | गला र कलाको प्रदर्शन गर्ने दिन छ। |
| कन्या : | धार्मिक कार्यको माध्यमबाट राम्रो आम्दानी हुनेछ। |
| तुला : | लामो समयदेखि रोकिएका काम सञ्चालन हुनेछन् । |
| वृश्चिक : | बोल्दा सोचेर बोल्नुपर्ने दिन छ। |
| धनु : | सामाजिक कार्यमा थालेको काम सफल बन्नेछ। |
| मकर : | पूर्वको लामो यात्रामा नजानु राम्रो हुनेछ। |
| कुम्भ : | सानो कुराले मनमा खटपटी बढ्नेछ। |
| मीन : | धर्म र संस्कार बुझ्ने मौका मिल्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



५१ कुण्डीय गायत्री महायज्ञको अवसरमा बिहीबार बाराको जीतपुरमा निकालिएको कलश यात्रा। कलश यात्रामा प्रतिनिधिसभा सदस्य एवम् पूर्वमन्त्री कृष्णकुमार श्रेष्ठ, मधेस प्रदेशसभा सदस्य एवम् मधेस सरकारका पूर्वमन्त्री जितेन्द्र सोनलको समेत उपस्थिति रहेको थियो। *तस्बिरः रासस*

# वीरगञ्ज नाका हुँदै निर्यात झण्डै दोब्बरले बृद्धि

वीरगञ्ज। वीरगञ्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको सात महिनाको अवधिमा रु ४० अर्ब ३४ करोड ५९ लाख ७९ हजार मूल्य बराबरका वस्तु तथा सामान निर्यात भएका छन्।

गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा नाकाबाट हुने निर्यात झण्डै दोब्बरभन्दा धेरै बढेको छ। गत आवको सात महिनाको अवधिमा यो नाका हुँदै रु १७ अर्ब सात करोड ९५ लाख ६० हजार मूल्य बराबरको वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको थियो।




मुलुकभर रहेका साना/ठूला २८ भन्सार नाकामध्ये वीरगञ्ज भन्सार नाका हुँदै भएको निर्यातको हिस्सा भने ३१ दशमलव ७२ प्रतिशत रहेको छ। वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आवमा प्रशोधित सूर्यमुखी र भटमासको तेल निर्यात बढेसँगै समग्रमा निर्यात बढेको बताउनुभयो। "गत आवको तुलनामा चालु आवमा निर्यातमा उत्साहजनक ढङ्गले वृद्धि हुँदै आइरहेको छ", उहाँले भन्नुभयो।वीरगञ्ज भन्सार नाका हुँदै चालु आवको सात महिनाको अवधिमा रु १९ अर्ब ३६ करोड मूल्यको प्रशोधित भटमासको तेल निर्यात भएको छ। त्यस्तै सोही अवधिमा रु चार अर्ब ६३ करोड मूल्य पर्ने प्रशोधित सूर्यमुखीको तेल निर्यात भएको छ।

रु तीन अर्ब ९६ करोड मूल्य पर्ने फलफूलको जुस विदेशी मुलुकमा निर्यात भएको छ। त्यस्तै गरी रु तीन अर्ब १२ करोड मूल्य पर्ने फलाम तथा फलामका सामग्री निर्यात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ। रु एक अर्ब ६० करोड मूल्य पर्ने सिन्थेटिक यार्न र रु एक अर्ब ४७ करोड मूल्य बराबरको विभिन्न प्रकारका कपडा विदेशी मुलुकमा निर्यात भएको छ। सोही अवधिमा रु एक अर्ब २२ करोड मूल्य पर्ने पशु आहारको कच्चा पदार्थ पिना चोकर भुस निर्यात भएको छ।रासस

# वीरगञ्जमा अर्थोकोन सम्मेलन सुरु

वीरगञ्ज। नेपाल अर्थोपेडिक सङ्घको आयोजनामा वीरगञ्जमा पाँच सयभन्दा धेरै राष्ट्रिय तथा अन्तरराष्ट्रिय चिकित्सकहरुको उपस्थितिमा 'अर्थोकोन २०२५' सम्मेलन वीरगञ्जमा सुरु भएको छ।




अर्थोपेडिक चिकित्सा क्षेत्रमा भएका नविनतम उपचार तथा प्रविधि र अनुभव साटासाट गर्ने उद्देश्यले 'अर्थोकन २०२५' सम्मेलन आयोजना गरिएको हो। अर्थोकन २०२५ सम्मेलनका सदस्य सचिव डा सरोज सिंहले सम्मेलनमा अर्थोपेडिकसँग सम्बन्धित दुई सय १० वटा कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो।

"वरिष्ठ र अनुभवी हाडजोर्नी चिकित्सकले आफूले गरेका शल्यक्रियाको अनुभव नयाँ पुस्ताका चिकित्सकलाई साट्ने अवसर प्राप्त गर्नुहुनेछ", उहाँले भन्नुभयो, "अर्थोपेडिक उपचार क्षेत्रमा भएका नवीनत उपचार विधि र नयाँ प्रविधि र ज्ञानको पनि अनुभव साटासाटले चिकित्सकलाई अझै दक्ष बनाउन सक्ने अपेक्षा राखेका छौँ।"

आयोजकका अनुसार सम्मेलनमा चार सय जना अर्थोपेडिक सर्जन र एक सय जना विभिन्न अस्पतालमा अर्थोपेडिक अध्ययन गर्दै आइरहेकारेजिडेन्टचिकित्सकहरुको सहभागी हुनेछन्। सम्मेलन फागुन १५ देखि १७ गतेसम्म वीरगञ्जको क्लार्क रिसोर्टमा हुँदैछ।

सम्मेलनमा १८ वटा विदेशी चिकित्सकले अर्थोपेडिकसँग सम्बन्धित कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम छ। "विगतमा अर्थोपेडिकमा हाडजोर्नी र चोटपटकको मात्रै उपचारको कुरा हुने गर्थ्यो", सदस्य सचिव सिंहले भन्नुभयो, "अहिले हाडजोर्नीको उपचार प्रणालीमा सुपर स्पेशलाइजेसन सुरुवात भइसकेको छ। जोर्नी प्रत्यारोपण, हिप रिप्लेसमेन्टलगायतका धेरै कुरा थप भइसकेका छन्।" त्यसअवसरमा जोर्नी प्रत्यारोपण, मेरुदण्ड, बच्चाहरुको हाडहोर्नीको उपचारलगायतको गहन छलफल हुनेछ।

सङ्घले अर्थोकोन सम्मेलन एउटा वर्ष काठमाडौँ उपत्यकामा र अर्को वर्ष उपत्यकाबाहिर आयोजना गर्दै आइरहेको छ। वीरगञ्जमा अर्थोपेडिकसँग सम्बन्धित ५० भन्दा बढी चिकित्सक छन्।रासस

# मुसहर समुदाय लक्षित निःशुल्क बाल कक्षा सञ्चालन

शम्भुनाथ। पछिल्लो समय अति पिछडिएको हरवाचरवा मुसहर समुदायका बालकालिकाको शिक्षाप्रतिको आकर्षण बढ्दै गएको छ। केही बर्षअघि सम्म अत्यन्त न्यून संख्यामा मात्र मुसहर बालबालिकाहरु विद्यालय जाने गरेकोमा पछिल्लो समय ती समुदायबाट विद्यालय जाने बालबालिकाको संख्या उत्साहजनक रुपमा बढ्दै गएको पाइएको छ। पढ्ने उमेर भए पनि सप्तरीको शम्भुनाथ नगरपालिका-१० रामपुर जमुवास्थित मुसहर बस्तीका ९ वर्षीय आकाश सदा विद्यालय जाँदैनथे।

घरदेखि करिब पाँच सय मिटरकै दूरीमा विद्यालय भए पनि विद्यालय नगई घरमै खेलेर उनीको समय बित्दथ्यो। तर अहिले उनी बिहान हुने बित्तिकै झोलामा कपीकिताब बोकेर पढ्न विद्यालय जान थालेका छन्। आमाबुबाले स्थानीय साहुको घरखेतमा काम गर्न जाँदा उहाँहरुसँगै साहुमहाजनको गाईगोरु चराउने गरेको सोही ठाउँका १० वर्षीय पारस सदाको पनि अहिले दिनचर्या फेरिएको छ। उनी पनि अहिले घर नजिकै रहेको श्री जनता माध्यमिक विद्यालय रामपुर जमुवा जान थालेका छन्।



यसरी आकाश र पारस मात्र होइन, हरवाचरवा र मुसहर समुदायको उल्लेख्य बसोबास रहेको सप्तरीको शम्भुनाथ नगरपालिका-१० रामपुर जमुवा र वडा नम्बर १ खोक्सर प्रवाहास्थित मुसहर बालबालिकाहरु पछिल्लो समय नियमित विद्यालय जान थालेका छन्।

सो नगरपालिकाका हरवाचरवा परिवारका बालबालिकालाई लक्षित शैक्षिक अभियानअन्तर्गत निःशुल्क बाल ट्युसन कक्षा सञ्चालन गरेपछि विद्यालय जाने दलित बालबालिकाको संख्या बढ्दै गएको हो।

विगत तीन वर्षदेखि ती वडाहरुबाट हरवाचरवा र मुसहर समुदायका विद्यालय जाने बालबालिकाको संख्या जम्मा १२ रहेको जनाइएको छ। जनचेतना अभियान, अभिभावक भेला तथा निःशुल्क बाल कक्षा सञ्चालनमा ल्याएपछि अहिले विद्यालय जाने विद्यार्थीको संख्या तीन सयभन्दा बढी पुगेको हरवाचरवा शम्भुनाथ नगर बाल क्लबका अर्जुन सदा बताउँछन्।

"पहिला पहिला हरवाचरवा मुसहर परिवारका बालबालिका पढाइभन्दा खेलकुदमै दिन बिताउने गरेका थिए, तर गाउँमै निःशुल्क बाल कक्षा सञ्चालनमा आएपछि विस्तारै पढाइलेखाइप्रति बालबालिकाहरु आकर्षित हुन थालेका छन्, उहाँले भन्नुभयो, "केही वर्षअघिसम्म विद्यालयमा हरवाचरवा मुसहर परिवारका बालबालिका न्यून संख्यामा मात्र भेट्थ्यो, अहिले विस्तारै विद्यालय जानेको संख्या बढ्न थालेको छ।"

केही वर्षअघिसम्म हरवाचरवा परिवारमा शिक्षाको महत्व थाहा नभएर होला एक त हरवाचरवा परिवाका बालबालिका विद्यालय जान रुचाइरहेका थिएन, भने अभिभावकहरु पनि विद्यार्थीलाई विद्यालय पठाउन चाहिरहेको थिएनन्, रामपुर जमुवामा सञ्चालित निःशुल्क ट्युसन कक्षाका शिक्षक पुनित चौधरीले भन्नुभयो, "तर अहिले मुसहर परिवारको बालबालिका पनि विद्यालय जान थालेका छन् भने अभिभावमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको छ।"

हरवाचरवा परिवारमा शिक्षाको अवस्था अत्यन्तै नाजुक देखिएपछि संस्थाले शम्भुनाथ नगरपालिकाको विभिन्न वडामा सञ्चालन गरेको निःशुल्क बाल शिक्षा कार्यक्रममा अहिले हरवाचरवा र मुसहर समुदायका तीन सयभन्दा बढी हरवा चरवा बालबालिका नियमित रुपमा अध्ययन गर्नका लागि आउने गरेको श्रीपुर जि सामुदायिक केन्द्रका प्रमुख व्यवस्थापक लिडर विनोदानन्द चौधरीले बताउनुभयो।

तीमध्ये करिब दुई सय जना बालबालिकालाई विभिन्न विद्यालयको पहुँचमा पुऱ्याइसकिएको उहाँको भनाइ छ। विद्यालयमा भर्ना भएका बालबालिकालाई संस्थाको तर्फबाट शैक्षिक सामग्री र स्कुल ब्याग समेत निःशुल्क उपलब्ध गराएको छ। विद्यालय बाहिर रहेका बालबालिकाका लागी हाल तीन जना दक्ष शिक्षिका र एक दर्जन स्वयम्सेवक परिचालित गरेर नौ महिने बाल शिक्षा प्रदान गरिरहेको र क्रमिक रुपमा विद्यालय भर्ना गराउँदै लगेको उहाँको कथन छ।

"प्रारम्भिक बाल शिक्षाबाट राम्रो गर्दै गएका करिब दुई सय जना हरवाचरवा परिवारका बालबालिकालाई अहिले सम्म स्थानीय विद्यालयमा भर्ना गराई सकिएको छ", श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता बिजली रामले भन्नुभयो, "बाँकी रहेकालाई पनि क्रमशः पायक पर्ने विद्यालयमा भर्ना गराउने तयारी छ।"

गरिबी र अभावबाट गुज्रिरहेका हरवाचरवा र मुसहर समुदायका अधिकांश बालबालिका विद्यालयको नाकमुख देख्न पाएका छैन उहाँले भन्नुभयो, "त्यस्तालाई आगामी शैक्षिक सत्रदेखि विद्यालयसँग जोड्न सक्दो पहल गरिरहेका छौँ।"रासस

# वन डढेलोः धेरै घटना तराईमा, क्षति पहाडमा

काठमाण्डु। भौगोलिक हिसाबले मुलुकका सबै क्षेत्रमा वन डढेलोका घटना हुने गरेका छन्। संख्यात्मक रूपमा तराईमा छोटो अवधिमा यस्ता घटना धेरै हुने गरेका छन्। चुरे क्षेत्र यसबाट बढी प्रभावित छ।

वन तथा वातावरण मन्त्रालयको तथ्याङ्कअनुसार मध्य पहाडमा आगो बस्तीमा प्रवेश, जनधनको क्षति र क्षेत्रफलका हिसाबले सबैभन्दा बढी डढेलोका घटना हुने गरेका छन्। प्रतिवर्ष तीन हजारभन्दा बढी डढेलोका घटना हुने गरेका र प्रतिघटनामा सरदर छ हेक्टर वन क्षेत्र प्रभावित भएको पाइएको छ। नेपालमा ६५ प्रतिशत वन डढेलो अप्रिल महिनामा लाग्ने गरेको छ।



डढेलोका अन्तरनिहित कारणमा वन व्यवस्थापन हुन नसक्नु, वनमा ज्वलनशील पदार्थ अधिक जम्मा हुनु, खेतीयोग्य जमिन बाँझो रहनु, लापरबाही, अन्जान वा नियतवश आगो लगाउनु, चोरी सिकारलगायत रहेका छन्। ज्वलनशील पदार्थको व्यवस्थापन नै सबैभन्दा चुनौतिका रूपमा रहेको जानकारहरू बताउँछन्। मानवीय कारणबाट ९६ प्रतिशत डढेलो लाग्ने गरेको र झन्डै ७० प्रतिशत डढेलो लापरबाही वा अन्जानले हुने भएकाले यसलाई रोक्न सकिने विज्ञको सुझाव छ।

वन डढेलोविज्ञ सुन्दर शर्मा डढेलो नियन्त्रणका लागि कार्यदल बनाएर कार्ययोजना कार्यान्वयन गर्न सकेमात्र प्रभावकारी हुने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "छरिएर रहेका योजना, बजेट र जनशक्तिलाई एकत्रित गरी आवश्यक उपकरणका साथ जनशक्तिको क्षमता अभिवृद्धि गर्न सके परिणाममुखी हुन्छ।" व्यवस्थित रूपमा नियन्त्रित डढेलो लगाएर यसको जोखिम कम गर्नुपर्ने, नियन्त्रणका लागि अग्निरेखा बनाउनुपर्ने, समुदायस्तरमा पूर्वतयारी र रोकथामका उपायबारे जनचेतना जगाउनुपर्ने शर्माको भनाइ छ।

सन् २०२४ को तथ्याङ्क अनुसार नेपालभर पाँच हजार १३६ स्थानमा वन डढेलोका घटना भएका थिए भने ७४ जिल्ला प्रभावित भएका थिए। त्यसमध्ये सबैभन्दा धेरै सुर्खेतमा ३२८, सल्यानमा २८१, दाङमा २७६, कैलालीमा २५६, चितवनमा २५०, बर्दियामा २२६, डोटीमा २०७, डडेल्धुरामा १८५, पर्सा १७३ र बाँके १६५ डढेलोका घटना भएका थिए। यस्तै, विगत १० वर्षको तथ्याङ्क हेर्ने हो भने सबैभन्दा धेरै सन् २०१६ मा छ हजार २३४, सन् २०२१ मा छ हजार ५३७ र २०२४ मा पाँच हजार १३६ डढेलोका घटना भए।

मन्त्रालयको वन तथा जलाधार महाशाखा प्रमुख सहसचिव दीपक ज्ञवालीका अनुसार यो वर्ष पनि लामो हिउँदे खडेरीका कारण वन डढेलको जोखिम बढेको छ। गत महिना काभ्रे र ललितपुर तथा लाङटाङ राष्ट्रिय निकुञ्जमा देखिएका वन डढेलोका घटनाले थप सजकता अपनाउनुपर्ने देखिएको उहाँको भनाइ छ। नेपालमा भौगोलिक धरातल र सुरक्षा, उपयुक्त उपकरणको अभाव, डढेलो नियन्त्रणमा महँगो र अधिक स्रोत आवश्यक पर्ने, सीमित परम्परागत तालिम प्राप्त जनशक्ति, उत्प्रेरणाको कमीलगायत चुनौती रहेको सहसचिव ज्ञवाली बताउनुहुन्छ। "वनमा सुकेका झिजामिजा, पत्कर र झाडीलगायत ज्वलनशील पदार्थ निजी क्षेत्रलाई जिम्मेवारी दिएर भए पनि औद्योगिक कच्चापदार्थका रूपमा प्रयोग गर्न सके केही मात्रामा भए पनि डढेलोको जोखिम कम हुन्छ", उहाँ भन्नुहुन्छ।

**सुकेका झिजामिजा र पत्कर डढेलोका कारक**

पहाडी क्षेत्रमा आवश्यक जनशक्तिको अभावमा खेतबारी बाँझो हुने क्रम बढिरहेको छ। साथै वन्यजन्तुले खेतबारीमा गर्ने क्षतिका कारण कृषकहरू पलायन हुन थालेका छन्। कृषकले वस्तुभाउसमेत पाल्न छाडेका कारण वनजङ्गलका स्रोतको सङ्कलन र प्रयोगमा निकै कमी आएको छ। जङ्गलभित्र सुकेका झिजामिजा, पत्कर र झाडीलगायत ज्वलनशील पदार्थ जम्मा हुँदै जाँदा सुक्खा मौसममा डढेलोका लागि स्रोत भएर बसेका छन्। सरोकार भएकाहरूले त्यस्ता पदार्थको समयमै व्यवस्थापन र सदुपयोग गर्न नसके डढेलो भयावह हुने भन्दै चिन्ता व्यक्त गरेका छन्। समयमै वन व्यवस्थापन गरी काठ-दाउरा सङ्कलनलाई थप प्रभावकारी बनाउन तथा गाउँबस्ती किनारका ज्वलनशील पदार्थ व्यवस्थापन गर्न विज्ञहरूको सुझाव छ।

नेपाल वन प्राविधिक सङ्घका अध्यक्ष राकेश कर्ण स्थानीय समूहस्तरबाट धुँवा देखिना साथ डिभिजन वन कार्यालयले सूचना प्राप्त गर्ने प्रणाली विकास गर्नुपर्ने बताउनुहुन्छ। व्यवस्थित सञ्जाल निर्माण गरेर तत्काल प्रतिकार्य गर्नसक्ने गरी आवश्यक बन्दोबस्त गर्नुपर्ने उहाँको सुझाव छ। "डिभिजनस्तरमा जिम्मेवार कर्मचारी एवं सुरक्षा निकायसहित आवश्यक स्रोतसाधन, स्थानीयस्तरमा सब डिभिजनले संयोजन गरेको समूहसहितको सञ्जाल र समूहस्तरमा दस्ताको प्रभावकारी परिचालन गर्न सकेमा प्रभावकारी हुनसक्छ। यसमा सबैले लाग्नुपर्छ", अध्यक्ष कर्ण भन्नुहुन्छ।

सरकारले डढेलो नियन्त्रणका लागि वार्षिक बजेट, वन नीति, वन ऐन, वन नियमावली, वन डढेलो व्यवस्थापन रणनीति, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, जलवायु परिवर्तन नीति, विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरण नियमावलीलगायत कानुनी र नीतिगत व्यवस्था गरेको छ।रासस

# नवराजपुरमा सर्पदंश उपचार केन्द्र स्थापना




गोलबजार। सिरहाको नवराजपुर गाउँपालिकामा सर्पदंश उपचार केन्द्र स्थापना भएको छ।

नवराजपुर-४ स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा स्थापना भएको सर्पदंश केन्द्रको एक कार्यक्रमकाबीच गाउँपालिकाका अध्यक्ष शिवउदगार यादवले उद्घाटन गर्नुभयो। "हुलाकी राजमार्ग आसपासका बासिन्दाले समयमा सर्पदंशको उपचार नपाउँदा बर्सेनि अकालमा ज्यान गुमाउनु परेको थियो। स्थानीयको सहज उपचार पहुँच विस्तार गर्ने योजना अनुसार सर्पदंश उपचार केन्द्र स्थापना गरेका हौँ", नवराजपुरका स्वास्थ्य संयोजक संजिवकुमार यादवले भन्नुभयो।

उहाँका अनुसार नेपाली सेनाको प्राविधिक सहयोगमा तालिम प्राप्त चिकित्सक जितेन्द्र यादवको टिमले उपचार गर्ने र केन्द्र अन्य व्यवस्थापन गाउँपालिकाले गर्नेछ। उक्त केन्द्र सञ्चालनका लागि रु १५ लाख स्रोत व्यवस्थापन गरिएको भन्दै आवश्यकताअनुसार थप्दै जाने गाउँपालिकाले जनाएको छ।

केन्द्र स्थापना भएसँगै सर्पले डसेमा उपचारका लागि चोहर्वा वा लाहन जानुपर्ने बाध्यता अन्त्य हुने गाउँपालिकाका अध्यक्ष यादवले बताउनुभयो। उहाँका अनुसार उपचारका लागि आवश्यक पर्ने 'स्नेक एन्टी भेनम' तथा अन्य सामग्री व्यवस्थापन गरी केन्द्र सञ्चालनमा आएकाले उपचारमा स्रोत अभाव नहुने विश्वास व्यक्त गर्नुभयो।

केन्द्र सञ्चालनमा आएसँगै नवराजपुर गाउँपालिकाका साथै जिल्लाका भगवानपुर, बरियारपट्टी र औरही गाउँपालिकाका बासिन्दा लाभान्वित हुनेछन्। सर्पदंश उपचार केन्द्र स्थापनाका लागि स्थानीय रामऔतार यादवले जग्गा दान गर्नुभएको थियो।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

## महाभारत सर्किट आवश्यक

भारतको राजधानी नयाँ दिल्लीमा नेपाल र भारतको राजनयिक र विज्ञहरु सम्मिलित 'नेपाल-भारत सम्बन्ध र क्षेत्रीय कूटनीतिः बल र अवसर' विषयक कार्यक्रममा महाभारत सर्किटको आवश्यकता औल्याइएको छ ।भारतले रामायण सर्किट र बौद्ध सर्किटमा काम धेरै अगाडि बढाइसकेको छ । रामायण सर्किटले भगवान रामको जीवनसित जोडिएका विभिन्न स्थलहरुलाई जोड्ने काम भइरहेको छ । बौद्ध सर्किटले भगवान बुद्धको जन्मस्थल र ज्ञान प्राप्तिसम्मको क्षेत्रलाई जोडिदैछ । रामायण र बौद्ध सर्किटले संसारभरका हिन्दू र बौद्ध धर्मावलम्बीहरुलाई आस्थाको स्थलहरुको दर्शन, भ्रमण सहज हुनेछ । रामायण र बौद्ध सर्किटले नेपालको महत्वपूर्ण स्थलहरुलाई जोड्ने काम गरिरहेकोछ । रामायण सर्किटमा जनकपुरधाम, धनुषाधाम जोडिएको छ । बुद्ध सर्किटमा लुम्बिनी जोडिएको छ । महाभारत सर्किटले नेपालको राजधानी काठमाण्डु वरिपरिको महाभारत सम्बद्ध स्थल र विराट राज्यको विराटनगरलाई जोड्नेछ । यसबाट नेपाल र भारतको धार्मिक, सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउन मद्दत मिल्नेछ । त्यस अतिरिक्त पर्यटनको प्रवर्द्धनमा महत्वपूर्ण हुनेछ । सनातन धर्मप्रतिको आस्थामा भारी वृद्धि भएको छ। भारतको प्रयागराजमा आयोजित महाकुम्भमा नेपाल समेत भारत लगायत संसारका विभिन्न देशहरुबाट ६० करोड बढी श्रद्धालुहरुले पवित्र स्नान गरेका छन् । त्यसले सनातन धर्मावलम्बीहरुको भावनामा धर्मप्रतिको आस्था बढेको प्रमाणित हुन्छ। विभिन्न धार्मिक तीर्थस्थलहरुमा पछिल्लो केही वर्षदेखि श्रद्धालुहरुको संख्यामा उल्लेख्य वृद्धि भएको तथ्यांकहरुबाट देखिन्छ। नेपाल र भारतमा रहेको विभिन्न धार्मिक पर्यटकीय स्थलहरुलाई सर्किट बनाएर जोड्न सके त्यसले दीर्घकाल सम्म पर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ। नेपाल र भारतको धार्मिक स्थललाई जोड्न राजमार्ग, रेलमार्ग र हवाईमार्गको पर्याप्त संभावना छ। रामायण र बौद्ध सर्किटको बाँकी कार्यहरु चाँडो पूरा गर्ने र महाभारत सर्किटको प्रारम्भ गर्ने तर्फ भारत र नेपाल सरकारले सहकार्य गर्नु पर्छ। रामायाण सर्किट अन्तरगतको जनकपुरधाम र अयोध्याबीच श्रद्धालुहरुको आवागमनमा भारी वृद्धि भएको छ । तर अझै भारतीय र नेपालमा राजमार्गको स्थिति कमजोर नै छ । रेलमार्ग र हवाईमार्गले जोडिएको छैन्। जनकपुरधामलाई भारतको राजधानी नयाँ दिल्लीलाई हवाईमार्गसित जोड्न सके सनातन धर्मावलम्बीहरुका लागि अत्यन्त सहज हुने थियो । दिल्लीको छलफलमा जनता समाजवादी पार्टी(जसपा)नेपालका उपाध्यक्ष समेत रहेका संसदीय अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति राजकिशोर यादवले उठाएका महाभारत सर्किटको विषयमा दुवै देशको सरकारले चासो लिन आवश्यक छ । नेपालमा उद्योग, हाइड्रोपावर , पर्यटनको क्षेत्रमा भारतले लगानी गर्ने राम्रो अवसर छ। यसले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने छ।

# सेना दिवस नेपालको गौरवपूर्ण अतीतः नेपाली सेना



प्रा डा तीर्थप्रसाद मिश्र

नेपाल विविध विशेषतायुक्त गौरवमय गाथा भएको र आफ्नै विशेष पहिचान कायम गरेको एक प्राचीन मुलुक हो । यो मुलुकको गौरवमय छवि, स्वाभिमान र स्वतन्त्र अस्तित्व अक्षुण राख्न इतिहासको विभिन्न कालखण्डमा धेरै व्यक्ति र संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन्।

राजा र प्रजाबीचको सम्बन्ध तथा बहुजाति र बहुधर्मजस्ता विविधताका बीचमा पनि अपेक्षित सहकार्य कायम राख्न सेना सेतुको भूमिकामा थियो। जनता र सेनाको आपसमा सुमधुर सम्बन्धको इतिहास अन्य मुलुकमा वीरलै पाइन्छ।

जनता र सेनाबीच समुचित समन्वय हुँदा मुलुक सबल र सक्षम भएको देखिन्छ । जनता र सेनाको सहकार्यबाट नै विभिन्न कालखण्डमा विभिन्न राजवंश स्थापित हुन पुगेका छन् भने कार्यगत एकता नहुँदा मुलुक नै विखण्डन भएका दृष्टान्त पनि पाइन्छन् । नेपालको इतिहास हेर्ने हो भने सैनिक र निजामती प्रशासनमा विगतमा तात्विक फरक थिएन । सैनिक अधिकारी नै कार्यपालिका र न्यायपालिकामा स्थानीय प्रशासनका प्रमुख रहन्थे। यिनै सैनिक अधिकारी केन्द्रद्वारा नियुक्त भई मोफसलमा जान्थे। केन्द्रको शक्ति कमजोर हुँदा यिनै अधिकारीहरूले स्वतन्त्र राज्य खडा गर्दा मध्यकालमा नेपाल विभिन्न ससाना राज्यहरूमा विभक्त हुन पुग्यो। सैन्य बल र जनताको आपसी मेलकै कारण खसिया साम्राज्य त्यति शक्तिशाली हुन पुगे। र जनइच्छा बुझ्न नसक्दा बाइसी चौबिसी राज्यहरू सिर्जना हुन गए। सेना र जनताले साथ नदिँदा उपत्यकाको वैभवशाली तीन राज्यहरू विलय हुन पुगे।

गोरखाजस्तो सानो राज्यले विजय अभियान सञ्चालन गरी कालान्तरमा नव नेपाल निर्माण हुन गयो। त्यस क्रममा सेना र जनताले पृथ्वीनारायण शाहलाई उल्लेख्य सहयोग गरेका थिए । एकीकरण अभियानका लागि आवश्यक हातहतियार खरिद गर्न घरघरबाट गोरखालीहरूले आफ्नो गच्छेअनुसार आर्थिक सहयोग गरेका थिए। युद्धको मैदानमा खटिनका लागि गन्धर्व (गाइने), पण्डित तथा गाउँका मुखियाजस्ता तत्कालीन समाजमा हैसियत भएकाहरूले सेनालाई साथ दिएका थिए । सोही कारण बृहत् नेपाल निर्माण हुन पुग्यो। महाकाली पश्चिमका जनताले सेनालाई साथ नदिँनु नै अङ्ग्रेजसँग नेपालले घुँडा टेक्नुपर्नाको एउटा प्रमुख कारण बन्न गयो।

नेपाल-अङ्ग्रेज युद्धमा कतिपय अवस्थामा महिलाहरूसमेत युद्धका मैदानमा खटिएका थिए । नेपाल-भोट युद्ध सन् १७८८ देखि १७९१ मा स्थानीय जनताको सक्रिय सहभागिता थियो । राष्ट्रिय स्वार्थलाई ध्यान दिँदै शासकहरूले लिएको रणनीतिमा उनीहरू सामेल भए। नेपाल भोट युद्धमा कतिपय भारदारहरू बहादुर शाहका पक्षमा थिएनन् र नेपाल अङ्ग्रेज युद्धताका पनि भीमसेन थापाको नीतिसँग विमति राख्ने भारदारको जमात ठूलै थियो तर युद्धको घोषणा भइसकेपश्चात् उनीहरूले तन, मन र धनले राज्यनीतिमा सहयोग गरे। राष्ट्रिय स्वार्थमा एकताबद्ध हुने नेपालको गौरवमय परिपाटीलाई अनुशरण गर्न नसकेको आभास वर्तमान सन्दर्भमा विकसित राजनीतिले हुन थालेको छ। यो शुभ सङ्केत होइन।

पृथ्वीनारायण शाहको मृत्युपछि नेपालमा राजनीतिक स्थिरता कायम हुन सकेन र षड्यन्त्रकारी राजनीतिले प्रश्रय पायो । तत्कालीन शासकहरूको स्वार्थ र उनीहरूको दीर्घकालीन दृष्टिको अभावले अङ्ग्रेजसँग सन् १७९२ को व्यापारिक सन्धि र सन् १८०१ को मैत्री सन्धि हुन पुगेका थिए। यी दुवै सन्धि नेपालको राष्ट्रिय हितविपरीत थिए, जसको कारणले पनि नेपाल अङ्ग्रेज युद्ध हुन गयो । नेपाली सेनाले कुनै गुटउपगुटमा नलागी शासक जो वा राजा भए उनीहरूकै आज्ञा पालन गर्दै गयो। यो नै सेनाको धर्म थियो । प्रतापसिंह शाह तथा बहादुर शाह, बहादुर शाह तथा राजेन्द्रलक्ष्मी र बहादुर शाह तथा रणबहादुर शाहबीचको सङ्घर्ष एवं विवादमा सेनाले शासककै आज्ञा पालन गरेको छ । यदि सेनाले पनि गुटगत राजनीतिमा लागेको भए यो देशको अस्तित्व रहने थियो वा थिएन ? सोको हेक्का सबैले राख्नै पर्दछ।

नेपालले प्राथमिक कालदेखि सन् १९२८ सम्म भोटसँग धेरै पटक युद्धमा होमिनुपरेको तथ्य भेटिन्छ। जङ्गबहादुरको समयमा भएको युद्धमा नेपालले सानदार सफलता पाई सन् १८५६ को थापाथली सन्धि भयो। यस सन्धिमा नेपालले धेरै एकातर्फी सुविधा प्राप्त गरेको थियो। यसैगरी सन् १८८३-८४ मा नेपालका व्यापारी रत्नमान र भोटकी महिलाबीचको सानो झगडाले उग्ररूप लिई युद्ध नै हुने स्थिति देखापऱ्यो।

यसैगरी भोट चीन सङ्घर्ष (१९०८-१२)मा भोटमा रहेका नेपालीहरूको रक्षाका लागि नेपालले सेना पठाउने व्यापक तयारी गरेको थियो। सन् १९२८ मा एकजना रैतीको मामलामा भोटसँग युद्ध हुने स्थिति नै देखापरेको थियो। यी सबै सङ्गीन घटनामा नेपाली पक्षले बाटोघाटो मर्मतसम्भार गरेर, खाद्यान्न सहयोग गरेर, घोडा खच्चड, चौँरीजस्ता भारी बोक्ने जनावर सहयोग गरेर युद्धमा सगाएका थुप्रै उदाहरण छन्।

सन् १९२८ को घटनामा त थाकखोलाका हितमान शेरचनले मुस्ताङ क्षेत्रबाट भोट प्रदेश प्रवेश गर्ने फौजका लागि जति रासन आवश्यक पर्छ त्यो उपलब्ध गराउने वचन दिएका थिए । हो कतिपय स्थानमा स्थानीय प्रशासकहरूले सही कार्य गरेका थिएनन् र सो खुल्नेबित्तिकै दण्डित पनि भए। राष्ट्रलाई सङ्कट परेको बेलामा आआफ्नो समस्यालाई थाती राखी सरकारलाई उदार दिलले सहयोग गरेका उदाहरण नेपालको इतिहासकै विशिष्ट पक्ष हो।

नेपाली सेनाले छिमेकी मुलुकलाई सहयोग गरी धेरै ठूलो गुन लगाएका घटना पनि छन्। लिच्छवीकालीन राजा नरेन्द्रदेवले चिनियाँ बादसाहका दूतलाई उत्तर भारतमा अपमान गरेको घटनामा नेपाली फौज पठाई सम्बन्धितलाई दण्डित गरिएको थियो । चीनको अफिम युद्ध र ताइपिङ विद्रोहमा पनि नेपालले सेना पठाउने वचन दिएको थियो तर ती अनुरोध स्वीकार भएनन् । सन् १८५७ को सिपाही विद्रोह र १९४८ को हैदरावादको आन्दोलन दबाउन नेपाली सेनाले सार्थक भूमिका निर्वाह गरेको थियो। प्रथम र दोस्रो विश्वयुद्धमा त नेपालीको वीरता र सुरताको परिचय विश्वले नै पायो। उल्लिखित घटनापश्चात् विश्वका ठूला राष्ट्रहरूले नेपालीलाई आफ्नो सेनामा भर्ती गर्न उत्कट चाहना देखाए। नेपाल सन् १९५५ मा संयुक्त राष्ट्र सङ्घको सदस्य भएपछि विश्व शान्ति स्थापनार्थ नेपालीले अहम् भूमिका निर्वाह गरेको छ। हालसम्म ४३ भन्दा बढी शान्ति स्थापना गर्ने मिसनमा नेपाली सेनाले आफ्नो विशेष उपस्थिति जनाएको छ।

> नेपालको सार्वभौमसत्ता, राष्ट्रिय अस्मिता र मुलुकको भलाइका लागि वीरगति प्राप्त गरेका सम्पूर्ण वीर नेपाली सेनाको सपनालाई साकार तुल्याउन पनि सेनालाई राष्ट्रिय शक्तिको रुपमा राख्नुपर्छ । नेपालको इतिहासका विभिन्न कालखण्डमा नेपाली सेनाले पुऱ्याएको योगदान स्मरण गर्नु नै आजको दिनको मूल सन्देश हो ।

नेपाली सेना प्रमुखहरूले अन्तर्राष्ट्रिय विवादहरूमा मध्यस्थता गरी विवाद अन्त्य गराएका घटनाहरू पनि छन् । सन् १८५६ को थापाथली सन्धिले भोटमा नेपाली आवासीय दूत (जसलाई वकिल भनिन्थ्यो) राख्न पाउने एकतर्फी अधिकार प्राप्त गरेको थियो। यसपछि यसमा नियुक्त भएका २० जनामध्ये दुईजनाबाहेक सबै सैनिक अधिकारीहरू नै थिए। सन् १९०३-०४ को अङ्ग्रेज भोट विवादलाई मध्यस्थता गरी १९०४ को ल्हासा सम्झौता गराउन नेपाली वकिल कप्तान जितबहादुर खत्रीको कौशल प्रशंसनीय रहेको छ। उनको कूटनीतिक सुझबुझको अङ्ग्रेज अधिकारीहरूले समेत सराहना गरेका थिए र सम्मानजनक पदकसमेत प्रदान गरेका थिए । राणा शासकका खलकबाहेक जनताबाट पदक पाउने पहिलो कप्तान उनै भए।

यसैगरी भोट-चीन सङ्घर्षको दौरानमा नेपाली वकिल कप्तान लालबहादुर बस्नेतले आफ्नो कुशल कूटनीतिक परिचय दिन सफल भए । यही सङ्घर्ष भएकै बखत चीनमा सन् १९११ को क्रान्ति भई गणतन्त्र स्थापना भयो । भोटमा फौज चिनियाँ बादसाहको आदेश लिएर आएका थिए। यसकारण गणतन्त्र भएपछि ती चिनियाँहरूको जीउधनको सुरक्षा गरी सुरक्षित तबरले भोटको सीमापार गराउन नेपाली सैनिक अधिकारीहरूले भगीरथ प्रयत्न गरे । नेपाली वकिल र उनका सहयोगीका कारण सङ्घर्ष मात्र अन्त्य भएन चिनियाँ फौजले सुरक्षित भई भोट सरहद छाड्न सके।


राणाकालको अन्त्यतिर आएर निजामती र सैनिक प्रशासन पृथक भएपछि स्थानीय प्रशासनका हाकिम सैनिक अधिकारी नहुने व्यवस्था भयो । नेपाली सेनाले राष्ट्रको सुरक्षाबाहेक मुलुकलाई अन्य महत्त्वपूर्ण सेवा प्रदान गर्दै आएको छ । मुलुकलाई गम्भीर सङ्कट परेको बेलामा नेपाली सेनाले तदारुकता साथ कार्यसम्पादन गरेका अनेक उदाहरण छन्।

भूकम्प, आगलागी, बाढीपहिरोजस्ता दैवीप्रकोपको समयमा सेनाले आफ्नो सशक्त उपस्थिति देखाई सङ्कटमोचन गर्न सहयोगी भएको छ। नेपालका दुर्गम स्थानमा बाटो बनाउने काममा त नेपाली सेना सदैव अगाडि छ । नेपालका पहाडी मार्गमा मोटर बाटो बनाई यातायात सञ्चालन गर्न सेनाले खेलेको भूमिका त जगजाहेर नै छ। काठमाडौँ-तराई जोड्ने द्रुतमार्ग पनि सेनाकै तैनाथीमा निर्माण भइरहेको छ। कोरोना महामारीमा सेनाले पुऱ्याएको योगदान र चीनबाट भ्याक्सिन ल्याउने कार्यमा देखाएको तत्परता दुवै प्रशंसनीय छन्। नेपाली सेना एक यस्तो आरक्षित शक्ति हो जसका कारण सङ्कटका बेलामा अनेक उल्झनबाट पार पाउन मुलुकलाई सहज भएको छ।

नेपाली सेनाको आफ्नै संस्कृति, परम्परा र धर्म छ । यसैकारण सेनालाई राजनीतिबाट सदैव पृथक राखी स्वतन्त्र रूपमा कार्य गर्न दिनुपर्छ । यसको मतलब सेनालाई सबै छुट दिने भन्ने कुरा किमार्थ होइन । स्थापित विधि, मान्यता र सेनाको धर्ममा खलल हुने कार्य गर्न हुँदैन । २०४६ सालपश्चात् यदाकदा सेनालाई राजनीतिमा तान्ने गतिविधि नभएका पनि होइनन् तर यस्ता कार्यबाट मुलुकले हानि सिवाय केही हुँदैन।

नेपालको सार्वभौमसत्ता, राष्ट्रिय अस्मिता र मुलुकको भलाइका लागि वीरगति प्राप्त गरेका सम्पूर्ण वीर नेपाली सेनाको सपनालाई साकार तुल्याउन पनि सेनालाई राष्ट्रिय शक्तिको रुपमा राख्नुपर्छ। नेपालको इतिहासका विभिन्न कालखण्डमा नेपाली सेनाले पुऱ्याएको योगदान स्मरण गर्नु नै आजको दिनको मूल सन्देश हो । वीर नेपाली सेनालाई सलाम ! (लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ)

# मोटोपन र मुटुरोगको अन्तर्सम्बन्ध



डा अवनिभूषण उपाध्याय



केही वर्षअघिसम्म मोटो व्यक्तिलाई स्वस्थ एवं खाइलाग्दो व्यक्तिको रूपमा हेरिन्थ्यो भने दुब्लो, पातलोलाई रोगीको रुपमा हेर्ने गरिन्थ्यो। तर विस्तारै यस्तो सामाजिक सोचमा परिवर्तन आएको छ । अहिले अधिकांश मानिस आफूलाई स्वस्थ राख्न मोटो हुनबाट निकै सचेत रहेको पाइन्छ । मोटोपनबाट हुनसक्ने स्वास्थ्य जोखिमका बारेमा जानकारी राख्नेहरूको सङ्ख्या बढ्दैछ । मोटोपनलाई रोगको घरको रुपमा लिन थालिएको छ । यद्यपि, कतिपय मानिसहरू चाहेर वा नचाहेर पनि मोटोपनको सिकार बनेका छन्। मोटोपन भएकालाई जुन कारण र जति धेरै स्वास्थ्य जोखिम छ दुब्लो पातलोलाई त्यस्तो हुन्न । दुब्लो भएर पनि धुमपान गर्ने, चिनीयुक्त खानेकुरा खाने, सन्तुलित भोजन नगर्ने, तनावग्रस्त रहने व्यक्तिलाई मुटुरोगको उच्च जोखिम हुने गर्दछ।

मोटोपन यस्तो अवस्था हो, जसले गर्दा शरीरमा धेरै किसिमका रोग उत्पन्न भई मानिसको मृत्युसम्म हुने गर्दछ । त्यसमध्ये मटुरोग पनि एउटा हो। मुटुरोगमा हृदयघात, हार्ट फेलियर, अपर्झट मृत्यु हुने, एन्जाइना, मुटुको चालको गडबडी आदि समस्या हुने पर्दछ । शरीरको तौल अर्थात् बीएमआई २५ भन्दा बढी भएकाहरूमा मोटोपनको समस्या ज्यादा हुने गर्दछ। शरीरको वजन ठिक्क भएका भन्दा वजन बढी भएका मानिसमा उच्च रक्तचाप दोब्बर हुने गर्दछ। मोटोपनले नराम्रो करोस्टरोल बढाउने मात्र होइन, राम्रो कलेस्टेरोललाई पनि घटाउँछ । शरीरमा कोलेस्ट्रोल मात्रा बढ्न गएमा रगतको नसामा जम्मा हुन्छ र नसा साँघुरो बनाइदिन्छ। यसले मुटुलाई पम्प गर्न गाह्रो हुन्छ । त्यसैले मोटोपन र मुटुरोगबीच सिधा सम्बन्ध रहेको छ।

मोटोपनलाई विश्वमा दीर्घरोगको रूपमा हेर्न थालिएको छ । हाल युरोप, अमेरिकामा स्वास्थ्यका समस्याहरूमध्ये मुख्य समस्याको रुपमा मोटोपनलाई मानिएको छ । मानिसमा चेतना बढ्दै गए पनि जीवनशैली बिग्रँदै गएका कारण ती देशहरूमा पनि यो समस्या धेरै मानिसलाई देखिएको छ । असन्तुलित खानपान, अत्यधिक खानपान, अनियन्त्रित खानपान नै मोटोपनको एउटा मूल कारण हो। त्यसमध्ये पनि कतिपयमा वंशाणुगत कारण वा कुनै रोगको कारण पनि मोटोपन हुने गर्दछ। विश्वमा सामान्यतया १५ प्रतिशत महिलामा मोटोपन देखिएको छभने ११ प्रतिशत पुरुषमा मोटोपन छ । तीन जनामा एक जना पुरूषमा मोटोपनको समस्या छभने महिलामा चार जनामा एक जनामा वजन ज्यादा देखिएको छ।

नेपालमा पनि मोटोपन एक स्वास्थ्य समस्याको रुपमा देखिएको छ । सन् २०१३ मा नेपालको कुल जनसङ्ख्याको २१ प्रतिशतमा मोटोपन पाइएको थियो भने सन् २०१९ मा २९ प्रतिशतमा यो समस्या पाइएको थियो । तैपनि नेपाल मोटोपन कम नै भएको देशको सूचीमा पर्दछ। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले गरेको अध्ययनअनुसार नेपालमा ३५ प्रतिशत महिला, छ प्रतिशत किशोरकिशोरी र तीन प्रतिशत पाँच वर्षमुनिका बालबालिकामा मोटोपन पाइन्छ। अरु प्रदेशमा भन्दा बागमती प्रदेशमा मोटोपनको समस्या धेरै भएको सो अध्ययनले देखाएको छ।

### मोटो व्यक्तिमा जोखिम कस्तो छ त ?

वार्षिक रूपमा विश्वमा समयअगावै अर्थात् औसत उमेरभन्दा कम उमेरमा हुने मृत्युको सङ्ख्या करिब तीन लाख रहेको छ । विश्वमा मोटोपनको समस्याले वार्षिक तीन लाख मानिसको मृत्यु भइरहेको छ । मृत्युको कारणमध्ये मोटोपनलाई प्रमुख जोखिम तत्व मानिन्छ । डब्लुएचओले गरेको अध्ययनमा उच्च रक्तचाप, सुर्तीजन्य वस्तुको सेवन र खानपिनका कारण हुने मृत्युपछि चौथो नम्बरको कारणमा मोटोपनलाई देखाएको छ। जति शरीरको वजन बढ्यो उति मानिसको मृत्यु बढ्ने गर्छ । बीएमआई ३० भन्दामाथि भएका मोटा मानिसहरूमा ५० प्रतिशतदेखि शतप्रतिशतसम्म अकाल मृत्यु हुने खतरा हुन्छ। सामान्य बीएमआई हुनेको भन्दा बीएमआई ३० भन्दा बढी हुनेको मृत्यु अकालमा हुने खतरा धेरै नै हुन्छ। त्यसकारण मोटोपन आफैँ पनि मानिसको मृत्युको कारक तत्व हो। मोटोपन अलिअलि हुँदा पनि मानिसको मृत्युको सङ्ख्या बढी देखिन्छ।

एक अध्ययनअनुसार मानिसको तौल हुनुपर्ने आवश्यक तौलभन्दा पाँच केजीमात्र बढी हुँदा पनि ३० देखि ६४ वर्षका मानिसको मृत्यु बढी भएको पाइएको छ । उनीहरूलाई हृदयघात बढी भएको पाइएको छ। शरीरको तौल बढी अर्थात् बीएमआई २५ भन्दा बढी भएमा हुने मुटुका रोगहरूमा हृदयघात, हार्ट फेलियर, एन्जाइना, मुटुको चाल गडबडी हुने, मुटुमा भएका अन्य समस्याका कारण हुने आकस्मिक मृत्यु आदि हुने गरेको पाइएको छ। शरीरको तौल करिब पाँच केजी जति बढी हुँदा पनि शरीरको तौल ठिक्क भएकाहरूलाई भन्दा तौल बढी भएकालाई उच्च रक्तचाप र मधुमेह करिब दोब्बर हुने गरेको पाइएको छ। मधुमेह भएकाहरूमध्ये करिब ८० प्रतिशतको शरीरको तौल बढी भएको पाइन्छ। साथै, शरीरको तौल बढी भएकाहरूमा राम्रो कलेस्टेरोल कम हुने र खराब कलेस्टेरोल बढी हुने गरेको पाइएको छ।

यसैगरी मोटोपनले ल्याउने अर्को समस्यामा क्यान्सर पनि हो । मोटा मानिसमा स्तन क्यान्सर, पाठेघरको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर, पित्तथैलीको क्यान्सर, मिर्गौलाको क्यान्सर, प्रोस्टेट क्यान्सर बढी हुने गरेको पाइन्छ। शरीरको तौल बढी भएका महिलामा ठिक्क वजन भएकाहरूमा भन्दा स्तन क्यान्सर दुई गुणा बढी भएको पाइएको छ । मोटो व्यक्तिमा श्वासप्रश्वाससम्बन्धी समस्या बढी नै हुने गर्दछ। सुत्ने बेलामा हुने श्वासप्रश्वाससम्बन्धी समस्या वा घुर्ने समस्या पनि शरीरको तौल बढी हुनेहरूमा धेरै भएको पाइन्छ । यस्तो समस्या हुँदा सुतेको बेला छिनछिनमा श्वास रोकिने अवस्था आउँछ, जसले मुटुमा प्रत्यक्ष असर गर्छ। साथै, मोटा मानिसमा घुर्ने समस्या पनि धेरै आउँछ।

शरीरको तौल करिब एक किलोग्राम बढ्दा नौदेखि १३ प्रतिशतसम्मलाई जोर्नी दुख्ने समस्या बढ्ने गरेको पाइएको छ। साथै तौल घट्नासाथ जोनीको दुखाइ घट्ने गरेको पाइन्छ । मोटा महिलालाई गर्भाधान भएको बेला धेरै समस्या हुन्छ । गर्भावस्थामा मोटोपन भएको कारण आमा र बच्चाको मृत्युदर बढ्छ। मोटोपनको कारणले गर्भावस्थामा हुने डायबिटिज पनि बढी हुन्छ । वजन धेरै भएका आमाहरूबाट जन्मजातात रुपमा रोग भएका बच्चाहरू धेरै जन्मिन्छन् । अन्य समस्याहरूमा पित्तथैलीको रोग, पिसाब चुहिने रोग, शल्यक्रिया गर्दा जोखिम हुने, डिप्रेशन धेरै हुने हुन्छ । बालबच्चाहरूमा मोटोपन भएमा पछि गएर मुटुरोग धेरै हुने, मधुमेह हुने, पछिसम्म पनि मोटो भइराख्ने समस्या हुन्छ।

### कसरी बच्ने त ?

मोटोपन मुटु रोगको एउटा मुख्य कारण हो। त्यसैले मोटोपनलाई नियन्त्रण गर्न सकियो भने मुटु रोगको जोखिमबाट बच्न सकिन्छ । साथै मधुमेह, उच्च रक्तचाप र कोलेस्ट्रोल पनि मुटु रोग निम्त्याउने भएकाले त्यसलाई नियन्त्रणमा राख्नुपर्छ । मुटुरोगको जोखिमबाट बच्न मोटोपन नियन्त्रणसँगै जीवनशैली परिवर्तन र खानपान परिवर्तन गर्नुपर्छ । दैनिक व्यायाम गर्ने, तनाव कम गर्ने गर्नुपर्छ। अल्छी जीवन, बसिरहनुपर्ने, ज्यादा खाना खानुपर्ने, गुलिया चिल्लो, नुन धेरै खाने, फलफूल, सागपात नखाने वा थोरै मात्र खाने, व्यायाम नगर्ने, रक्सी चुरोट पिउने, टेलिभिजन, कम्प्युटर मोबाइलमा धेरै समय बिताउने आदि खराब जीवनशैली हुन्। ठीक समयमा सुत्ने र ठीक समयमा उठ्ने अर्थात् सधैं एउटै समयमा सुत्ने, उठ्ने गर्नुपर्छ। तनावबाट आफूलाई बचाउनुपर्छ।

मोटोपनबाट आफूलाई बचाउन सन्तुलित खाना (प्रोटिन, कार्बोहाइड्रेट र चिल्लोको सन्तुलन भएको) खाने गर्नुपर्छ। कार्बोहाइड्रेट घटाउने र प्रोटिन बढाउने गर्नुपर्छ । गुलियो मिठाई, केक, आइसक्रिम आदि खानु हुँदैन। दैनिक व्यायाम एवं योग गर्ने, फलफूल र सागपात प्रशस्त खाने, सकेसम्म हिँड्ने र यातायातको साधन कम प्रयोग गर्ने, सकेसम्म लिफ्टको प्रयोग नगरी भऱ्याङमा हिँड्ने गर्नुपर्छ। साँझको खाना सकेसम्म घाम अस्ताउनेबित्तिकै खानुपर्छ । दिनभरिमा ३-४ पल्टभन्दा बढी केही पनि खानु हुँदैन । नियमित रूपले एउटै समयमा खाना खाने, एकैपटकमा धेरै खाना नखाने, भोक धेरै लागेको बेला कम क्यालोरी दिने खानेकुराहरू जस्तै गाँजर, काँक्रो, कागतीको सर्बतलगायत फलफूल र जुस सेवन गर्दा फाइदा हुन्छ। तसर्थ, मुटुरोग निम्त्याउन सक्ने यस्ता कुराहरूमा ध्यान दिन सकियो भने मुटुरोगको जोखिमबाट बच्न सकिन्छ।

(प्रस्तुत विचार हालै प्रकाशित 'मान्छेको मुटु' नामक पुस्तकका लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ डा उपाध्यायसँग गरिएको कुराकानीमा आधारित)

# धार्मिक भावले मानिसलाई अनुशासित बनाउँछः मन्त्री पाण्डे



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले धार्मिक भावले मानिसलाई अनुशासित बनाउने भएकाले यसले लोकतान्त्रिक गणतन्त्रलाई पनि मजबुत बनाउँदै लैजाने धारणा राख्नुभएको छ ।

विहिबार पशुपति क्षेत्रस्थित गुह्येश्वरी मन्दिर परिसरमा धार्मिक, सांस्कृतिक पत्रकार समाज नेपाल (रेक्जोन)को शुभारम्भ गर्दै उहाँले मानिसलाई आत्मानुशासनमा ल्याउन धार्मिक भावको आवश्यकता पर्ने बताउनुभयो । धार्मिक भावले मानिसलाई अनुशासित बनाउने भएकाले विद्यमान व्यवस्थाका सकारात्मक पक्षलाई संरक्षण गर्न प्रेरित गर्ने उहाँको भनाइ छ ।

"धार्मिक र लोकतान्त्रिक भावले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका सकारात्मक उपलब्धि संरक्षण गर्न सबैलाई प्रेरित गर्छ । यसले मुलुकको लोकतान्त्रिक प्रणाली थप मजबुत हुँदै जान्छ", मन्त्री पाण्डेले भन्नुभयो । "पशुपति क्षेत्रमा आउनेहरू धार्मिक भावका हुन्छन्, यस्तो भाव हुनेहरूले जताततै फोहर गर्नुभएन, आफूले गरेको फोहर सही स्थानमा व्यवस्थापन गर्नुपर्छ भन्ने बुझ्नुभएको हुन्छ । यही कारणले उहाँहरूमा आत्मानुशासन हुन्छ । कतिपय देशका सडकमा ट्राफिक बस्नुपर्दैन, हामी पनि धार्मिक र लोकतान्त्रिक भाव अवलम्बन गर्दै सकारात्मक मार्गमा अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो ।

पशुपतिनाथ मन्दिरलाई सुन दान गर्ने दाताहरू आउन थालेका उल्लेख गर्दै मन्त्री पाण्डेले त्यसलाई व्यवस्थित गर्न पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्बाट समिति गठन गरिएको जानकारी दिनुभयो । "दाताबाट दानमा सुन लिएर व्यवस्थित गर्ने कार्यविधि नभएकाले समिति निर्माण गरेका छौँ । समितिले अध्ययन गरेर आवश्यक कानुन निर्माणमा गरी प्राप्त सुनको सदुपयोगका विषयमा कार्ययोजना र कार्यविधि निर्माण गर्नेछ", कोष सञ्चालक परिषद्को अध्यक्षसमेत रहनुभएका उहाँले भन्नुभयो । धर्म र संस्कृतिका क्षेत्रमा कलम चलाउने पत्रकार अरुका तुलनामा अनुशासित र उदाहरणीय बन्नुपर्नेमा मन्त्री पाण्डले जोड दिनुभयो । धर्म, संस्कृतिका क्षेत्रमा कार्यरत सञ्चारकर्मीले मुलुकका ऐतिहासिक र पौराणिक स्थलको महत्वका बारेमा आमनागरिक र विश्वलाई जानकारी दिनेगरी समाचार सङ्कलन र सम्प्रेषण गर्नु जरुरी रहेको उहाँको भनाइ छ ।

नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष एवं सूचनाको हकका लागि राष्ट्रिय महासङ्घका अध्यक्ष उमीद बागचन्दले विधागत पत्रकारितामा कार्यरत पत्रकार सङ्गठित हुने क्रममा धर्म, संस्कृतिका विषयमा कलम चलाउनेको पनि संस्था खुल्नु स्वागतयोग्य रहेको बताउनुभयो । समाजलाई पत्रकार महासङ्घको एसोशियट संस्थाका रूपमा अघि बढाउन पनि उहाँले आग्रह गर्नुभयो ।

काठमाडौँ महानगरपालिका-८ का वडाध्यक्ष एवं संस्कृति, सम्पदा तथा पर्यटन विषयगत समितिका संयोजक आशामान सँगतले पशुपति क्षेत्रलाई सधैँ सिँगार्ने गरी व्यवस्था मिलाउन अनुरोध गर्नुभयो । पशुपतिनाथा सधैँ पर्यटक आउने वातावरण निर्माण गर्न यस क्षेत्रमा कार्यरत सञ्चारकर्मीको सहयोग महत्वपूर्ण हुने उहाँको भनाइ थियो । आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, आयुर्वेद प्रवर्द्धन महाशाखाका प्रमुख डा वंशदीप शर्मा खरेलले अथर्ववेदको उपवेदका रूपमा रहेको आयुर्वेद सनातन चिकित्सा पद्धति हो भन्दै यसको विशेष संरक्षण र प्रवर्द्धन गरिनुपर्नेमा जोड दिनुभयो ।

सनातन विद्वत् परिषद् नेपालका उपाध्यक्ष प्रा डा माधवप्रसाद पाण्डेयले धर्म, संस्कार र संस्कृतिको मूल स्वरुप बिर्सन थालिएको वर्तमान समाजलाई धार्मिक, सांस्कृतिक पत्रकारले सम्झाउने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य वासुदेवकृष्ण शास्त्रीले मौलिक धर्म, संस्कृतिको संरक्षणका लागि पत्रकारको संस्थाले काम गर्नुपर्ने बताउनुभयो ।

समाजका अध्यक्ष पूर्णप्रसाद मिश्रले विसं २०७६ देखि अनौपचारिक मञ्चका रूपमा काम गरिसकेपछि धर्म, संस्कृतिका विषयमा कलम चलाउने पत्रकारको अनुरोधअनुसार वैधानिक संस्थाको स्वरुप दिइएको बताउनुभयो ।कार्यक्रममा समाजका महासचिव अच्युत अर्याल, सदस्य अच्युतप्रसाद सुवेदीलगायतले धर्म, संस्कृतिका क्षेत्रमा कार्यरत सञ्चारकर्मीलाई एकतृत गरी संस्था अघि बढ्नेमा जोड दिनुभएको थियो ।रासस

# नेपाललाई मानवअधिकार परिषद्को सदस्यमा मत दिन परराष्ट्रमन्त्रीको आग्रह



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को सदस्यमा नेपाललाई मतदान गर्न विश्वसमुदायलाई आग्रह गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को ५८औँ उच्चस्तरीय सत्रलाई सम्बोधन गर्ने क्रममा जेनेभमा रहनुभएकी उहाँले जेनेभामा रहेका विभिन्न देशका राजदूत एवं प्रतिनिधिलाई नेपालको पक्षमा मतदान गर्न आग्रह गर्नुभएको हो ।जेनेभास्थित नेपाली स्थायी नियोगद्वारा बुधबार साँझ मन्त्री डा देउवाको सम्मानमा तथा विभिन्न देशका स्थायी नियोग र अन्तरराष्ट्रिय सङ्घसंस्थाका प्रमुखका लागि आयोजित स्वागत समारोहलाई सम्बोधन गर्दै उहाँले सीमित स्रोत र साधनका बाबजुद पनि मानवअधिकारको रक्षा र प्रवर्द्धनका क्षेत्रमा नेपालले गरेका काम र प्राप्त उपलब्धिलाई हेरेर मत दिन आग्रह गर्नुभयो ।

सो समारोहमा जेनेभामा रहेका एक सयभन्दा बढी देशका राष्ट्रसङ्घीय स्थायी नियोगका प्रमुख तथा राजदूत र विभिन्न अन्तरराष्ट्रिय सङ्घसंस्थाका प्रतिनिधि उपस्थित हुनुहुन्थ्यो ।समारोहलाई सम्बोधन गर्दै मन्त्री देउवाले भन्नुभयो, "नेपाल सरकार शान्ति, प्रजातन्त्र र मानअधिकारको पक्षमा कार्यरत छ । मानवअधिकारको रक्षा र प्रवर्द्धनमा हामीले विगत लामो समयदेखि काम गरिरेहका छौँ । यही प्रतिबद्धताका साथ नेपालले यस परिषद्को आगामी सन् २०२७ देखि २०२९ सम्मका लागि सदस्यमा उम्मेदवारी दिएको छ । संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रलाई म नेपाललाई सहयोग गर्न आग्रह गर्दछु ।"मन्त्री डा देउवाले भन्नुभयो, "नेपालको वर्तमान संविधानले नागरिकको स्वतन्त्रताका साथै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत अधिकारलाई मौलिक हकका रूपमा समेटेको छ । नेपाल सरकार लोकतान्त्रिक मूल्यमान्यता, कानुनी शासन र न्यायपालिकाको स्वतन्त्रताप्रति पूर्ण रूपमा प्रतिबद्ध रहिआएको छ ।"

उहाँले नेपालले शान्ति प्रक्रियाका क्रममा पनि विश्वकै उदाहरणीय भएर काम गरेको दृष्टान्त पेस गर्दै शान्ति प्रक्रियाका बाँकी कामलाई पनि यथाशीघ्र टुङ्ग्याउने गरी सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन निर्माण गरेर तदारुकताका साथ काम गरिरहेको जानकारी गराउनुभयो । मन्त्री डा देउवाले पछिल्लो समयमा नेपालले बाल, महिला तथा अल्पसंख्यकको अधिकारका साथै समावेशताका क्षेत्रमा उपलब्धि हासिल गरेको जानकारी गराउँदै नेपालको वर्तमान सरकार सदैव राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रताका पक्षमा रहिआएको पनि स्पष्ट गर्नुभयो ।

यसअघि मन्त्री डा देउवाले गत मङ्गलबार राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को उच्चस्तरीय सत्रलाई सम्बोधन गर्नुभएको थियो । जेनेभामा जारी सो सत्रमा राष्ट्रसङ्घका सदस्य राष्ट्रका परराष्ट्र तथा मानवअधिकारसम्बन्धी मन्त्री एवं मानवअधिकारका क्षेत्रमा कार्यरत व्यक्तिको सहभागिता छ । मन्त्री डा देउवा छ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै गत शनिबार जेनेभा पुग्नुभएको थियो । उहाँ शुक्रबार बिहान स्वदेश फर्कँदै हुनुहुन्छ ।रासस

# साहित्य परिवर्तनको सम्वाहक हो : सञ्चारमन्त्री गुरुङ

गण्डकी । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले साहित्य परिवर्तनको सम्वाहक रहेको बताउनुभएको छ । 'बुकवर्म फाउण्डेशन'को आयोजनामा विहिबारदेखि पोखरामा सुरू भएको १२औँ नेपाल साहित्य महोत्सवको उद्धाटन गर्दै उहाँले साहित्य अभिव्यक्तिको सशक्त माध्यम भएको बताउनुभयो । र सिर्जनशीलतातर्फ आकर्षित गर्नुपर्ने बताउनुभयो । सञ्चारमन्त्री गुरूङले पुस्तक पढ्ने संस्कृतिलाई बढाउनुपर्ने बताउनुभयो । पोखरामा पर्यटकीय गतिविधि बढाउन यस्ता मेला-महोत्सवबाट सघाउ पुग्ने उहाँको भनाइ थियो ।

फेवाताल किनारको बाराहीघाट मैदानमा चार दिनसम्म चल्ने उक्त साहित्य महोत्सवको उद्घाटनसत्रमा प्राध्यापक तथा अर्थशास्त्री महेन्द्र पी लामाले प्रवचन दिनुभएको थियो ।



भूपि शेरचनको कृति 'घुम्ने मेचमाथि अन्धो मान्छे' पढेर आफू क्रान्ति र परिवर्तनप्रति आकर्षित भएको सञ्चारमन्त्री गुरूङले बताउनुभयो ।

उहाँले बुकवर्मले आयोजना गर्दै आएको साहित्य महोत्सव बहुआयमिक कार्यक्रम रहेको बताउनुभयो ।

"यहाँ समाज, संस्कृति, अर्थतन्त्र, राजनीतिलगायतका विषयमा विचार-विमर्श हुन्छ, यसबाट सामाजिक रूपान्तरणमा योगदान पुग्छ", सञ्चारमन्त्री गुरूङले भन्नुभयो, "यो अन्यभन्दा नितान्त नौलो र सिर्जनशील कार्यक्रम हो ।" उहाँले नयाँ पुस्तालाई अनुसन्धान

महोत्सवमा नेपाल तथा अन्य मुलुकका गरी दुई सयभन्दा बढी साहित्यकार, राजनीतिज्ञ, लेखक, कलाकार, पत्रकारलगायतको उपस्थिति रहनेछ । पचासभन्दा बढी छलफल सत्र, अन्तरक्रियात्मक कार्यक्रम, साङ्गीतिक प्रस्तुति र अन्य रचनात्मक कार्यक्रम पनि यसमा समावेश छन् । महोत्सवमा साहित्यसँग जोडिएका सामाजिक, राजनीतिक, आर्थिक, नवीन प्रविधि, चलचित्रलगायत क्षेत्रका विषयमाथि गम्भीर मन्थन हुने बताइएको छ ।रासस

# सञ्चारसँग सम्बन्धित विधेयकमाथि सरोकारवालासँग छलफल गर्नुपर्ने माग




काठमाण्डु । सङ्घीय संसद्, राष्ट्रियसभामा दर्ता भएको 'सामाजिक सञ्जाल विधेयक, २०८१' मा पर्याप्त छलफल गर्नुपर्ने माग सरोकारवालाले गरेका छन् । राष्ट्रियसभाबाट पारित भएको 'मिडिया काउन्सिल विधेयक, २०८१' लाई फिर्ता लिएर सरोकारवाला सङ्घ/संस्था र विज्ञसँगको पर्याप्त छलफलपछि मात्रै अगाडि बढाउनुपर्ने माग गर्दै पत्रकारहरुले आज माइतघर मण्डलामा प्रदर्शनसमेत गरेका छन् ।

प्रेस सेन्टर नेपाल, प्रतिष्ठान प्रदेश समितिको नेतृत्वम प्रदर्शनमा बसेका पत्रकार तथा सञ्चारमकर्मीले 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कायम गर्नुपर्ने' र 'सामाजिक सञ्चालसम्बन्धी विधेयकमा सरोकारवालासँग छलफल गरियोस्' भन्ने प्ले कार्ड बोकेका थिए । सो अवसरमा प्रेस सेन्टरका अध्यक्ष विष्णु सापकोटाले आमसञ्चार माध्यममाथि अङ्कुस लगाउने गरी प्रेस काउन्सिल र सामाजिक सञ्जाल विधेयक ल्याइएकाले दुवै विधेयकमाथि थप अध्ययन र छलफल पश्चात मात्रै अगाडि बढाउन सरकारसँग आग्रह गर्नुभयो ।रासस

# सबै नेपालीलाई नागरिक बिमामा जोड्नु पर्छ : मन्त्री पौडेल

पाटन । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सबै नेपाली नागरिकलाई अनिवार्य बिमामा जोड्नुपर्ने बताउनुभएको छ ।

विश्व प्रोटिन दिवसको अवसरमा नेपाल दाना उद्योग सङ्घद्वारा विहिबार आयोजित 'मानव स्वास्थ्यमा प्रोटिनको भूमिका' विषयक कार्यक्रममा मन्त्री पौडेलले नागरिकलाई निरोगी बनाउन उपचारात्मक पद्धतिभन्दा पनि निरोधात्मक पद्धतिलाई ध्यान दिनुपर्ने बताउनुभयो । हरेक नागरिकको स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन र निरोगी बनाउन नागरिकको योगदानमा आधारित स्वास्थ्य बिमालाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने उहाँको भनाइ थियो ।

स्वास्थ्य क्षेत्रमा नीतिगत रूपमा समेट्नु पर्ने कुरा धेरै रहेका उल्लेख गर्दै मन्त्री पौडेलले मानव स्वास्थ्यलाई आवश्यक पर्ने प्रोटिन सुरक्षाका लागि कानुन बनाएर नीतिगत व्यवस्थापन गर्न सुझाव पेश गर्न सरोकारवालालाई आग्रह गर्नुभयो ।रासस

## मालपोत कार्यालय मौलापुर, रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साविक गा.वि.स पिपरिया (प) वार्ड नं. ४ हाल परिवर्तित बौधीमाई न.पा. ६ मा बस्ने जोगिन्द्र प्रसाद कलवारले जग्गाधनि भालु साह मर्दा जीता साह कलवार पीपरियाको नाम दर्ताको जि.रौ. गा.वि.स. पिपरिया वडा नं. ३ कि.नं. २१८ को ०-३-० अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाममा दा.खा को लागि द.नं. ३५७६ मिति २०८१/१०/२२ गतेको माग निवेदन ।

माग जग्गाको मोठ भिडान हुदाँ गा.वि.स. पिपरिया वडा नं. ३ कि.नं. २१८ को ०-३-० को जग्गाको मोठ श्रेस्तामा जग्गाधनीको नाम भालु साह मर्दा जीता साह कलवार पीपरिया उल्लेख रही यी जग्गा दा.खा. हुन बाँकी रही मोठ कायम रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखि छ ।

बौधीमाई न.पा. ६ को च.नं ६५० मिति २०८१/१०/०९ गतेको पत्रले जिल्ला रोतहट साविक गा.वि.स. पिपरिया (प) वार्ड नं. ४ हाल परिवर्तित बौधीमाई न.पा. ६ मा बस्ने जोगिन्द्र प्रसाद कलवारको नाममा रौतहट जिल्ला अदालत गौरको मिति २०४७/०६/०९ गतेको मिलापत्रले माथि उल्लेखित किता परी यो किता अप्रमाणित रहेको र दा.खा. हुन बाँकी रहेकोले गा.वि.स. पिपरिया वार्ड नं. ३ कि. नं. २१८ को ०-३-० को अप्रमाणित जग्गा प्रमाणित गरी जोगिन्द्र प्रसाद कलवारको नाममा दा.खा. गरिदिनको लागि सिफारिस भई आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कार्यबिधि २०६२ को भाग ३ परिच्छेद १ को दफा १,९,१ङ बमोजिम यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफ्नो हकदावीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा माग दाबी बमोजिम दा.खा. भै जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**मधेश प्रदेश सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

## स्वास्थ्य कार्यालय
**रौतहट, गौर नेपाल**

## डेंगु, मलेरिया, कालाजार, जीका, इन्सेफलाइटिस रोग नियन्त्रणको लागि BTI खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आहवानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/१६**

डेंगु, मलेरिया, कालाजार, जीका, इन्सेफ्लाइटिस रोग नियन्त्रणको लागि बायो लार्वीसाइट Bacillus thuringiensis var Israelensis 5% AS (BTI) खरिद ठेक्का बन्दोबस्त सिलबन्दी दरभाउपत्रबाट खरिद गनुपर्ने भएकोले ईच्छुक फर्म, संस्था वा कम्पनीले निम्नानुसारको शर्तको अधिनमा रही नियमानुसारको सिलबन्दी दरभाउपत्र आहवान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र र पन्ध्रौ दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट रु १,०००।०० (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको लेखा शाखाबाट खरिद गर्न सकिनेछ ।
२. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न प्रोप्राइटर स्वयं उपस्थित भई वा आधिकारीक मन्जुरनामा (अधिकृत वारिसनामा) सहितको प्रतिनिधिबाट मात्र खरिद गर्न सकिनेछ । तर त्यस्तो अधिकृत वारिसनामा एक फर्म एक व्यक्तिलाई मात्र मान्य हुनेछ ।
३. सिलबन्दी दरभाउपत्र खरिद गर्न चाहने फर्म, संस्था, वा कम्पनीले निवेदन साथ खरिद/विक्री सम्बन्धी ईजाजत पत्र, नविकरण, मूल्य अभिवृद्धि करमा दर्ता भएको तथा आ.व.२०८०/०८१ सम्मको करचुक्ता लगायतका आवश्यक सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई संलग्न राख्नु पर्ने छ ।
४. सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्र फाराम बिक्री वितरण हुनेछ र सोह्रौ दिनको १२:०० बजेसम्म बिक्री भइसकेका सिलबन्दी दरभाउपत्रहरुको दर्ता कार्य यस कार्यालयमा मात्र हुनेछ र सोही दिन दिउँसो ०२:०० बजे रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्र खोलिने छ । सो सिलबन्दी दरभाउपत्र साथ लागत अनुमानको ३ (तीन) प्रतिशतले हुन आउने रकम रु ५६,२५०।०० (अक्षरेपी रु. छपन्न हजार दुई सय पचास रुपैया मात्र) नगद वा सो बराबरको बैंक जमानत वा प्रदेश लेखा इकाई कार्यालय चन्द्रपुर, रौतहटको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं. १२१०१००२०२०३०००० तथा यस कार्यालयको कार्यालय कोड नं. ३७००६२००१२ मा नगद जम्मा गरी सो को सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ ।
५. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा उक्त कार्यहरु सोको भोलिपल्ट हुनेछ ।
६. म्यादभित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु कार्यालयका प्रतिनिधिहरु र सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
७. सिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रस्टरुपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिईनेछ । म्याद नाघी वा रित नपुगी पर्न आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कबोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम बराबरको बैंक जमानतपत्र वा नगद उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैक भौचर पेश गर्नुपर्नेछ ।
९. सिलबन्दी दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखितरुपमा गरेको स्व.घोषणापत्र पेश गर्नुपर्ने छ ।
१०. सारभुतरुपमा प्रभावग्राही न्यूनतम् मूल्यांकित कबोल अंक भएको सिलबन्दी दरभाउपत्र मात्र स्वीकृत गरिनेछ ।
११. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१२. रकम भुक्तानी गर्दा खरिद कार्य सम्पन्न भई खरिद आदेश, दाखिला प्रतिवेदन तथा बिल भर्पाइ अनुसार भुक्तानी गरिनेछ ।
१३. यस सूचनामा उल्लेख नभएको अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ ।

| सि.नं. | सूचना नं. | विवरण | लागत अनुमान रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | HOR/SQ/ 2081-082/01 | बायो लार्वीसाइट Bacillus thuringiensis var. Israelensis 5% AS (BTI) को प्याकिंग साइज 250 ml. | १८,७५,०००।०० | ५६,२५०।०० | |

**राजेश कुमार सिंह**
**नि.स्वास्थ्य कार्यालय प्रमुख**
**स्वास्थ्य कार्यालय, गौर, रौतहट**

# मरिसस, ला रेयुनियन खतरनाक चक्रवातका लागि उच्च सतर्कतामा

एएफपी

पोर्ट लुइस । हिन्द महासागरका द्वीपहरू मरिसस र ला रेयुनियन बिहीबार एक तीव्र उष्णकटिबन्धीय आँधी, चक्रवात गारान्सका लागि उच्च सतर्कतामा थिए । यसलाई पर्यटकीय गन्तव्यहरूका लागि 'प्रत्यक्ष खतरा' भनिएको थियो ।

मरिससले बुधबार आफ्नो मुख्य विमानस्थल बन्द गऱ्यो भने नजिकैको फ्रान्सेली द्वीप ला रेयुनियनले बिहीबार त्यसै गर्ने तयारी गरेको थियो ।गारान्सलाई मरिससद्वारा वर्ग ३ चक्रवातको रूपमा वर्गीकृत गरिएको थियो। यो दोस्रो-उच्चतम सतर्कता स्तर हो।

मरिससमा प्रति घण्टा ७० किलोमिटरसम्मको हावाहुरी आउने अपेक्षा गरिएको थियो ।मरिसस मौसम विज्ञान सेवाले चक्रवात द्वीपको ३१० किमी उत्तरपश्चिममा थियो र ' तीव्र उष्णकटिबन्धीय आँधी' बनेको बताएको छ।

चक्रवात 'खतरनाक रूपमा मरिससको नजिक आइरहेको छ र प्रत्यक्ष खतरा देखिन्छ", बाढी आउने अपेक्षा गरिएको उल्लेख गर्दै मौसम विज्ञान सेवाले भनेको छ।

गारान्स पूर्वतर्फ जाँदै थियो तर मरिसस र ला रेयुनियनको बीचबाट जानका लागि दक्षिणतर्फ घुमेको छ। सरकारी प्रतिनिधिले 'रातो सतर्कता' घोषणा गरिने र बिहीबार विमानस्थल बन्द हुने बताएका थिए।



# भारतमा एक पटकमा एक बियरमार्फत परिवर्तन ल्याउँदै महिलाहरू

एएफपी

बेङ्गलुरु ।भारतको बढ्दो क्राफ्ट बियर दृश्यको अंशका रूपमा वर्षा भाट दुई तरिकाले दुर्लभ हुनुहुन्छ : पहिलो मदिरा बनाउने महिलाका रूपमा र दोस्रो मदिरा पिउने महिलाका रूपमा ।

भाट एउटा यस्तो देशमा पुरुष-प्रभुत्व भएको उद्योगमा आफ्नो दाबी गरिरहनुभएको छ जहाँ सामाजिक परम्पराहरूले धेरैजसो महिलालाई मदिरापान नगर्न बाध्य पार्छन् ।

अड्तीस वर्षीया भाटले धेरै वर्षसम्म पुरुष साथीहरूको व्यङ्ग्य सहनुभएको थियो । तिनीहरूले उहाँसँग विशेष स्वादको परख गर्ने मांसपेशी छ कि छैन वा कामको दबाब सम्हाल्न पर्याप्त शान्त हुनुहन्छ कि हुनुहुन्न भन्ने प्रश्न गर्दथे ।तर उद्योगमा एक दशकपछि उहाँ बेङ्गलुरुको सबैभन्दा लोकप्रिय पबहरू मध्ये एकमा हेड ब्रुअर बन्न पुग्नुभएको छ र सहरको धनी युवा प्रविधि कामदारहरूको सेवा गर्नुभएको छ।

"एक महिलाले गर्न नसक्ने केही पनि छैन जुन एक पुरुषले गर्न सक्छ... रेसिपी विकासदेखि, शारीरिक कामसम्म, टोली व्यवस्थापनसम्म", भाटले भन्नुभयो, "हामीले अगाडि आउन र हामी यो गर्न सक्छौं भनेर भन्नका लागि यो कदम चालेका छौं, एउटा कलङ्क थियो... हामी ती रूढीवादी र बाधाहरू तोड्दैछौं ।"

सरकारी तथ्याङ्कअनुसार ९९ प्रतिशत महिलाले मदिरापान नगर्ने भारतको बाँकी भागभन्दा उदार मदिरा संस्कृतिका लागि बेङ्गलुरु लामो समयदेखि प्रसिद्ध छ ।यसको प्रख्यात प्रविधि उद्योगले प्रायः सहरमा स्थापित सामाजिक सम्बन्धहरू नभई कुलीन विश्वविद्यालयहरूबाट आउने युवा र उच्च शिक्षित कार्यबललाई रोजगारी दिन्छ।





यसले बेङ्गलुरुको फस्टाउँदो क्राफ्ट बियर बारहरूमा जोडदार व्यापार प्रदान गर्दछ।

बेङ्गलुरुमा घरभित्रै ब्रुअरी छन् जसले सयौं कामदारलाई रोजगारी दिन्छन् र नयाँ मानिसहरूसँग भेट्न उत्सुक र पैसा खर्च गर्न तयार ग्राहकहरू छन् ।आधिकारिक तथ्याङ्कअनुसार काम गर्ने उमेरका महिलामध्ये २५ प्रतिशत मात्र औपचारिक रूपमा रोजगारीमा रहेको भारतमा सहरको कार्यबल एउटा अनौठो उदाहरण हो।

तुलनात्मक रूपमा तिनीहरूले बेङ्गलुरुका प्रविधि फर्महरूमा काम गर्नेहरूको लगभग ४० प्रतिशत हिस्सा ओगटेका छन्। यो सहरको भारतका अन्य ठाउँबाट महत्वाकांक्षी महिलाहरूलाई आकर्षित गर्ने क्षमताको प्रमाण हो । तीमध्ये ठूलो संख्यामा कामपछि बारहरूमा साथीहरूसँग चर्को आवाजमा कुराकानी गरिरहेको देखिन्छ।

### रोल मोडेल

तीमध्ये ३२ वर्षीया लिनेट पाइरेस पनि हुनुहुन्छ। उहाँ औषधि अनुसन्धानकर्ताका रूपमा काम गर्न बेङ्गलुरु जानुभयो तर चाँडै आफूलाई पेय पदार्थ बनाउने व्यवसायमा आकर्षित भएको पाउनुभयो।

सहरको दक्षिणमा फस्टाउँदो बाहिरी बियर गार्डेनमा ब्रुअर बन्ने उहाँको बाटोले उहाँलाई आफूलाई गम्भीरताका साथ लिन अस्वीकार गर्ने पुरुष सहकर्मीहरूमाथि आफूलाई दाबी गर्न बाध्य तुल्यायो।

"त्यहाँ अधिकांश पुरुष-प्रभुत्व भएको कोठामा उभिएर तपाईंको विचार व्यक्त गर्न वा तिनीहरूलाई सुन्न लगाउन कोशिश गर्दै... तपाईंले त्यो कसरी पार गर्ने र पछाडि छोड्ने सिक्नुपर्छ", उहाँले भन्नुभयो।

चार वर्षअघि उहाँले महिला ब्रुअर्स कलेक्टिभ स्थापना गर्नुभयो । यसले सहरका ब्रुपबहरूमा काम गर्ने दर्जनौं अन्य महिलासँग मिलेर पछि आउनेहरूका लागि बाटो सहज बनाउने लक्ष्य राखेको छ।

"म निश्चित रूपमा अन्य महिला ब्रुअरहरूका लागि एक रोल मोडेल बन्न चाहन्छु", पाइरेसले भन्नुभयो, "उद्योगमा प्रवेश गर्ने अन्य महिलाहरूलाई प्रेरित गर्न र विकास गर्न मद्दत गर्ने कुरा यही हो।"

### कटु पुरुष, कटु बियर

भाट र पाइरेस आफ्नै सहरमा पथप्रदर्शक भए तापनि महिलाहरू प्राचीन कालदेखि नै मदिरा बनाउने उद्योगका आधारस्तम्भ रहेका छन् ।पहिलो अभिलेखित बियर रेसिपी १८०० ईसा पूर्वमा माटोको टुक्रामा बियरको सुमेरियन देवी निन्कासीको सम्मानमा लेखिएको मानिन्छ ।त्यही समयतिर मेसोपोटामियामा प्राचीन कानूनहरूमध्ये एक हम्मुराबीको संहितामा महिला पानपसल मालिकहरूको उल्लेख गरिएको थियो।"यो इतिहासलाई ध्यानमा राख्दै जब मानिसहरूले यो पुरुषको पेय हो भन्छन् भने यो पागलपन र अलि अपरिपक्व र अज्ञानता हो", भारतको बियर उद्योगको बारेमा पोडकास्ट होस्ट गिरिजा चट्टीले भन्नुभयो।

भारतमा मदिरापानलाई प्रायः तिरस्कार गरिन्छ । स्वतन्त्रता नेता महात्मा गान्धी संयम र उन्मूलनको पक्षमा सबैभन्दा कडा आवाजहरू मध्ये एक हुनुहुन्थ्यो ।भारतको सन् १९४९ को संविधानले सरकारलाई 'औषधीय उद्देश्यहरू' बाहेक मदिरापानमा रोक लगाउन आदेश दिन्छ, केही राज्यमा लागू गरिएको निषेधाज्ञा बाहेक यो खण्ड धेरैजसो बेवास्ता गरिन्छ।

मदिरापान भारतीयहरूको सानो अल्पसंख्यकमा पनि लिङ्गहरू बीचको विभाजन स्पष्ट छ । सन् २०२२ मा प्रकाशित सरकारी स्वास्थ्य सर्वेक्षण अनुसार महिलाहरू भन्दा लगभग १५ गुणा धेरै पुरुषहरूले ग्रहण गर्छन्।

बारहरूमा जाने थोरै महिलाहरूको बीचमा त्यो विभाजन र त्यसको सामाजिक अपेक्षाहरू अझै पनि सजिलै देख्न सकिन्छ।

चट्टीले वेटरहरूले पहिलो स्थानमा माग्ने महिलाको सट्टामा टेबलमा बसेको कुनै पनि पुरुषलाई पेय पदार्थको मेनु हस्तान्तरण गर्ने नियमित उदाहरणलाई उद्धृत गर्नुहुन्छ।

"यदि महिलाहरूले कटु पुरुषहरूलाई सम्हाल्न सक्छन् भने उनीहरू कटु बियरलाई राम्रोसँग सम्हाल्न सक्छन्", उहाँले हाँसो गर्दै भन्नुभयो।

# युद्धविरामको अर्को चरणका लागि वार्ता सुरु गर्न हमासको इजरायलसँग आग्रह

एएफपी

गाजा सिटी । हमासले इजरायलसँग गाजा युद्धविरामको अर्को चरणका लागि वार्तामा प्रवेश गर्न बिहीबार आह्वान गरेको छ।

जनवरी १९ मा लागू भएको र गाजामा युद्ध धेरै हदसम्म रोक्न सफल पहिलो चरणको सहमति अन्तर्गत बुधबार राति र बिहीबार बिहान गरिएको इजरायली मृत बन्धक र प्यालेस्टिनी बन्दीको अदलाबदलीपछि हमासले युत्रविरामको दोस्रो चरणमा प्रवेश गर्न माग गरेको हो । सम्झौताको पहिलो चरणअन्तर्गत हमासले २५ जना जीवित बन्धकलाई मुक्त गरेको छ भने अन्य आठ जनाको शव इजरायललाई फिर्ता गरेको छ।

यसको बदलामा इजरायलले महिला र नाबालिकसहित करिब एक हजार ९०० प्यालेस्टिनी कैदीहरूलाई रिहा गर्ने सहमति भएको थियो

प्यालेस्टाइनी प्रिजनर्स क्लब एड्भोकेसी ग्रुपका अनुसार बुधबार राति फिर्ता गरिएका चार बन्धकको अवशेषको बदलामा इजरायलले बिहीबार ५९६ जना प्यालेस्टिनी कैदीलाई रिहा गरेको छ भने युद्ध सुरु भएपछि पक्राउ परेका गाजाका सबै महिला र नाबालिक गरी ४६ जना कैदीलाई रिहा गर्न बाँकी रहेको बताइएको छ।

बिहीबार बिहान सयौं कैदीहरूलाई रिहा गरिएको गाजा र वेस्ट बैङ्कमा उपलब्ध



एएफपीका सञ्चारकर्मीले जनाएका छन् । इजिप्टको राज्यसम्बद्ध अल-काहेरा न्यूजले इजरायली अधिकारीहरूले फिर्ता गर्नका लागि तोकिएकामध्ये ९७ जना गाजाको राफा सीमा पार गर्ने इजिप्टतर्फ आइपुगेको बताइएको छायुद्धको स्थायी अन्त्यका लागि तय गरिएको सम्झौताको दोस्रो चरणका लागि वार्ता अझै सुरु हुन सकेको छैन।

"हामीले दुश्मनको झूटो औचित्यको अगाडिको बाटो सफा गरेका छौं र दोस्रो चरणका लागि वार्ता सुरु गर्नुबाहेक उसको कुनै विकल्प छैन," हमासले टेलिग्राममा भनेको छ।

बिहीबार रिहा भएका प्यालेस्टाइनी कैदीहरूलाई सप्ताहन्तमा रिहा गर्ने भनिएको थियो, तर सन् २०२३ अक्टोबर ७ मा भएको आकस्मिक र अकल्पनीय आक्रमणमा कब्जामा लिएका बन्धकहरूलाई सुपुर्दगी गर्न हमासले आयोजना गर्दै आएको भव्य समारोहलाई लिएर आक्रोश भएपछि इजरायलले यो प्रक्रिया रोकेको थियो।यसअघि हमासले चारै जना इजरायली शवलाई गोप्य रुपमा फिर्ता गरिने बताएको थियो।

कफिन हस्तान्तरण गरिएको केही घण्टापछि गाजाबाट बन्धक बनाइएका सबैलाई रिहा गर्नुपर्ने पक्षमा वकालत गर्ने इजरायली समूहले बिहीबार हमासले फिर्ता गरेका चार शवको पहिचान 'गहिरो दुःखका साथ' पुष्टि गरेको छ।

ओहाद याहलोमी, साची इदान, इट्जक एल्गाराट र श्लोमो मन्सुरलाई अन्ततः इजरायलमा ल्याइएको र आवश्यक प्रक्रियापछि अन्त्येष्टिका लागि परिवारलाई जिम्मा लगाइने बन्धक तथा बेपत्ता परिवार मञ्चले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

### 'वार्ता शुरू हुन्छ'

वासिङ्टनमा मध्यपूर्वका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका उच्च दूतले इजरायली प्रतिनिधि युद्धविरामको अर्को चरणका लागि वार्ताका लागि तयार रहेको बताएका छन्।

"हामीले धेरै प्रगति गरिरहेका छौं । इजरायलले अहिले एउटा टोली पठाउँदैछ," स्टिभ विटकोफले अमेरिकी यहूदी समितिका लागि आयोजित एक कार्यक्रममा भन्नुभयो।

"यो दोहा वा कायरोमा हुनेछ र इजिप्ट र कतारका अधिकारीहरूसँग फेरि वार्ता सुरु हुनेछादोस्रो चरणको वार्ताको बारेमा विटकोफको टिप्पणीबारे इजरायलले प्रतिक्रिया दिइसकेको छैन।

लडाकूहरूले अझै पनि कब्जामा राखेका दर्जनौं बन्धकहरूको रिहाई पनि गर्नुपर्नेछ । युद्धविरामका बावजुद गाजामा छिटपुट हिंसाका घटना भने भएका छन् ।इजरायली सेनाले बुधबार त्यहाँबाट क्षेप्यास्त्र प्रहार भएपछि विभिन्न प्रक्षेपण स्थलमा हवाई आक्रमण गरेको जनाएको छ।

# श्रीलङ्का: मानव र हात्तीबीचको द्वन्द्वमा ठूलो जनधनको क्षति

एएफपी

कोलम्बो । श्रीलङ्काले एक दशकमा झण्डै एक हजार २०० मानिस र तीन हजार ५०० भन्दा बढी जनावरको मृत्यु भएको छ। हात्ती मानवबीच द्वन्द्वको खबर सार्वजनिक गरेपछि गाउँले र जङ्गली हात्तीबीचको भिडन्त तत्काल समाधान गर्ने प्रतिबद्धता सरकारले व्यक्त गरेको छ।

वातावरण मन्त्री डम्मिका पाटाबेन्डीले संसदलाई बताएअनुसार वन्यजन्तु आरक्ष नजिकका गाउँहरूमा हात्तीको आक्रमण कम गर्न थप विद्युतीय तारबार निर्माण गर्ने र थप कर्मचारीहरू खटाइनेछ।

"हामी मानव र हात्तीबीचको द्वन्द्व न्यूनीकरणका लागि थप रकम विनियोजन गरिरहेका छौं र छोटो समयमै यो अवस्थालाई कम गर्न सक्षम हुनेमा हामी आशावादी छौं," पाटाबेन्डीले भन्नुभयो। उहाँका अनुसार सन् २०१५ देखि २०२४ को बीचको हात्तीसँगको द्वन्द्वमा एक हजार १९५ मानिस र तीन हजार ४८४ जङ्गली हात्ती मारिएका छन् ।यस वर्षको जनवरीमा थप तीन जना मानिस र ४३ वटा हात्तीको मृत्यु भएको छ।

विपक्षी सांसद नलिन बन्दाराले मृतकको संख्या 'स्तब्ध पार्ने' भएको



भन्दै जङ्गली जनावरलाई क्षति नपुऱ्याउने सुनिश्चितताका साथै मानिसहरुको सुरक्षा गर्न आग्रह गर्नुभएको छ । उहाँले मारिएका जङ्गली हात्तीको शव व्यवस्थापन (विसर्जन) गर्दा एक दशकमा राज्यलाई करिब एक करोड १६ लाख अमेरिकी डलर नोक्सानी भएको र सोही अवधिमा हात्तीको आक्रमणबाट पीडितलाई करिब ४० लाख अमेरिकी डलर क्षतिपूर्ति दिइएको उल्लेख गर्नुभयो।

अनुमानित सात हजार जङ्गली हात्तीहरू रहेको श्रीलङ्कामा हात्तीहरूलाई मार्नु वा हानि पुऱ्याउनु अपराध हो । हात्तीलाई बौद्ध संस्कृतिमा तिनीहरूको महत्त्वको कारण राष्ट्रिय सम्पत्ति मानिन्छ ।यद्यपि, यो नरसंहार जारी छ किनकि निराश किसानहरू हात्तीहरूले उनीहरूको बालीमा आक्रमण गर्न र जीविकोपार्जन नष्ट गर्न सङ्घर्ष गरिरहेका छन्।

धेरै हात्तीलाई करेन्ट लाग्ने, गोली हान्ने वा विष खुवाइएको कारण मृत्यु भएको छ । कहिलेकाहीं विस्फोटक पदार्थले भरिएका फलहरू जनावर हरूलाई घाइते बनाउन प्रयोग गरिन्छ र त्यो नै अक्सर पीडादायी मृत्युमा परिणत हुनेगर्छ। हात्तीहरू पनि आफ्नो बासस्थान भएर चल्लने रेलको ठक्करका कारण हताहत हुने गर्छन्।

एक साताअघि टापुको पूर्वी हबराना क्षेत्रमा एक्सप्रेस रेलको ठक्करबाट चार छावासहित सात हात्तीको मृत्यु भएको थियो।

# रुसमा थप सेना पठाएको देखिन्छ : सियोल

एपी

सियोल । दक्षिण कोरियाको जासुसी एजेन्सीले बुधबार उत्तर कोरियाले रुस-युक्रेन मोर्चामा तैनाथ आफ्ना सैनिकहरूको ठूलो क्षति भएपछि रुसमा थप सेना पठाएको देखिन्छ भनी बताएको छ ।राष्ट्रिय गुप्तचर सेवा (एनआइएस) ले एक संक्षिप्त विज्ञप्तिमा उत्तर कोरियाले रुसमा कति सैनिक तैनाथ गरेको छ भनेर यकिन गर्ने प्रयास गरिरहेको बताएको छ ।यस क्षेत्रबाट अस्थायी रूपमा फिर्ता भएको रिपोर्टपछि फेब्रुअरीको पहिलो हप्तामा उत्तर कोरियाली सेनालाई रुसको कुर्स्क क्षेत्रका मोर्चाहरूमा पुनः तैनाथ गरिएको एनआइएसले अनुमान गरेको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले फेब्रुअरी ७ मा एक सम्बोधनमा कुर्स्कमा नयाँ युक्रेनी आक्रमणको पुष्टि गर्नुभयो र उत्तर कोरियाली सेनाहरू त्यहाँ रूसी सेनाका साथमा लडिरहेको बताउनुभयो।

अमेरिकी, दक्षिण कोरियाली र युक्रेनी गुप्तचर अधिकारीहरूका अनुसार उत्तर कोरियाले रूसलाई ठूलो मात्रामा परम्परागत हतियारहरू आपूर्ति गरिरहेको छ र गत शरदमा यसले रूसमा लगभग १० हजारदेखि १२




हजार सैनिक पठाएको थियो ।उत्तर कोरियाली सैनिकहरू अत्यधिक अनुशासित र राम्ररी प्रशिक्षित छन् तर पर्यवेक्षकहरूका अनुसार उनीहरू युद्ध अनुभवको कमी र भूभागको अपरिचितताका कारण रूस-युक्रेन युद्ध क्षेत्रमा ड्रोन र तोपखाना आक्रमणका लागि सजिलो लक्ष्य बनेका छन्।

जनवरीमा एनआइएसले करिब तीन सय उत्तर कोरियाली सैनिकको मृत्यु भएको र अन्य दुई हजार सात सय घाइते भएको बताएको थियो। जेलेन्स्कीले यसअघि उत्तर कोरियामा मारिएका वा घाइते भएका व्यक्तिको संख्या चार हजार रहेको बताउनुभएको थियो तर अमेरिकाको अनुमान अनुसार यो संख्या करिब एक हजार दुई सयभन्दा कम थियो।

यसअघि बुधबार दक्षिण कोरियाको समाचार पत्र जोङआङ इल्बोले अज्ञात स्रोतलाई उद्धृत गर्दै जनवरीदेखि फेब्रुअरीसम्म कुर्स्कमा थप एक हजारदेखि तीन हजार उत्तर कोरियाली सैनिक तैनाथ गरिएको जनाएको थियो।

रूसले उत्तर कोरियालाई उच्च-प्रविधिको हतियार प्रविधिहरू हस्तान्तरण गरेर पुरस्कृत गर्न सक्छ जसले यसको आणविक हतियार कार्यक्रमलाई तीव्र रूपमा बढाउन सक्छ भन्नेमा दक्षिण कोरिया, अमेरिका र उनीहरूका साझेदारहरू चिन्तित छन् । उत्तर कोरियाले रूसबाट आर्थिक र अन्य सहायता पनि प्राप्त गर्ने अपेक्षा गरिएको छ ।गत हप्ता साउदी अरबमा भएको वार्तामा रूस र अमेरिका युद्ध अन्त्य गर्ने र आफ्नो कूटनीतिक र आर्थिक सम्बन्धहरू सुधार गर्ने दिशामा काम सुरु गर्न सहमत भएका थिए।

वार्तामा युक्रेनी अधिकारीहरू उपस्थित थिएनन्। त्यसले राष्ट्रपति डोनाल्ड ट्रम्पअन्तर्गत अमेरिकी विदेश नीतिमा असाधारण परिवर्तन र युक्रेनमा युद्धका कारण रूसलाई अलग-थलग पार्ने अमेरिका-नेतृत्वको प्रयासबाट स्पष्ट विचलनलाई देखाएको थियो।

# जापानमा जन्मदर नयाँ ऐतिहासिक न्यूनस्तरमा

एएफपी

टोकियो । जापानमा युवाहरूले विवाह गर्न ढिलाइ गर्दै गर्दा र वृद्ध जनसंख्या बढ्दै जाँदा लगातार नवौं वर्ष घट्दै गएर सन् २०२४ मा जन्मदर फेरि रेकर्ड न्यूनस्तरमा पुगेको बिहीबार सरकारी तथ्याङ्कले देखाएको छ।

यी आँकडाहरूले विश्वको चौथो ठूलो अर्थतन्त्रले सामना गर्दै गरेको नाटकीय जनसाँख्यिकीय चुनौतीहरूलाई उजागर गर्छन् । जापानमा घट्दो श्रमशक्तिले बढ्दो वृद्ध जनसंख्याको हेरचाहको लागत वहन गर्नुपर्ने भएको छ ।स्वास्थ्य मन्त्रालयको प्रारम्भिक तथ्याङ्क अनुसार सन् २०२४ मा विदेशी नागरिकहरू सहित जापानमा सात लाख २० हजार नौ सय ८८ बच्चा जन्मिएका थिए। यो सन् २०२३ मा सात लाख ५८ हजार छ सय ३१ बाट पाँच प्रतिशतले



कम हो । जन्मको संख्या सरकारले सन् १८९९ मा तथ्याङ्क राख्न सुरु गरेयता सबैभन्दा कम भयो ।मृत्युको संख्या जन्मको तुलनामा दोब्बरभन्दा बढी थियो। मृत्यु हुनेको संख्या सन् २०२३ मा एक दशमलव आठ प्रतिशतले बढेर १६ लाख २० हजार पुगेको छ।

जापानको कूल जनसंख्या यस महिना १२ करोड ३५ लाख ४० हजार पुगेको आन्तरिक मामिला मन्त्रालयको गत हप्ताको तथ्याङ्कले देखाएको छ । यो एक वर्ष अघिको तुलनामा शून्य दशमलव ४६ प्रतिशतले कम हो।

जन्म तथ्याङ्कले दक्षिण कोरियासँग तीव्र तुलना गरेको छ। दक्षिण कोरियामा बुधबारको तथ्याङ्कले सन् २०२४ मा प्रति एक हजार मानिसमा जन्मिएका बच्चाहरूको संख्या बढेको छ । यो एक दशकभन्दा बढी समयमा पहिलो पटक हो।

सन् १९७३ मा जापानमा २१ लाख बच्चा जन्मिएका थिए।

जापानी प्रधानमन्त्री शिगेरु इशिबाले जनसंख्या सङ्कटको सामना गर्नु आफ्नो शीर्ष प्राथमिकताहरूमध्ये एक रहेको बताउनुभएको छ।
तर शिक्षाको उच्च लागत, स्थिर अर्थव्यवस्था र जीवनशैलीमा परिवर्तनले युवाहरूलाई परिवार सुरु गर्न निरुत्साहित गरेको छ।

# यस्तो छ विदेशी मुद्राको विनिमयदर



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । केन्द्रीय बैङ्कका अनुसार विहिबार अमेरिकी डलर एकको खरिददर १३९ रुपैयाँ २४ पैसा र बिक्रीदर १३९ रुपैयाँ ८४ पैसा कायम भएको छ।

विहिबारका लागि युरोपियन युरो एकको खरिददर १४६ रुपैयाँ १३ पैसा र बिक्रीदर १४६ रुपैयाँ ७६ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १७६ रुपैयाँ ०६ पैसा र बिक्रीदर १७६ रुपैयाँ ८१ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५५ रुपैयाँ ४५ पैसा र बिक्रीदर १५६ रुपैयाँ १२ पैसा कायम गरिएको छ।

यसैगरी, अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ९४ पैसा र बिक्रीदर ८८ रुपैयाँ ३२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ११ पैसा र बिक्रीदर ९७ रुपैयाँ ५३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रुपैयाँ ०५ पैसा र बिक्रीदर १०४ रुपैयाँ ५० पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ३१ पैसा र बिक्रीदर नौ रुपैयाँ ३५ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १८ पैसा र बिक्रीदर १९ रुपैयाँ २७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ १३ पैसा र बिक्रीदर ३७ रुपैयाँ २९ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ २० पैसा र बिक्रीदर ३८ रुपैयाँ ३६ पैसा कायम भएको बैङ्कले जनाएको छ।

यस्तै, थाई भाट एकको खरिददर चार रुपैयाँ १३ पैसा र बिक्रीदर चार रुपैयाँ १५ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ९१ पैसा र बिक्रीदर ३८ रुपैयाँ ०८ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ४४ पैसा र बिक्रीदर ३१ रुपैयाँ ५७ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ७० पैसा र बिक्रीदर नौ रुपैयाँ ७५ पैसा, स्विडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ १२ पैसा र बिक्रीदर १३ रुपैयाँ १७ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ५९ पैसा र बिक्रीदर १९ रुपैयाँ ६८ पैसा तोकिएको छ । राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ९१ पैसा र बिक्रीदर १७ रुपैयाँ ९९ पैसा, कुवेती दिनार एकको खरिददर ४५१ रुपैयाँ ४० पैसा र बिक्रीदर ४५३ रुपैयाँ ३५ पैसा, बहराइन दिनार एकको खरिददर ३६९ रुपैयाँ ४१ पैसा र बिक्रीदर ३७१ रुपैयाँ, ओमनी रियाल एकको खरिददर ३६१ रुयैयाँ ६६ पैसा र बिक्रीदर ३६३ रुपैयाँ २२ पैसा रहेको छ । भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# परोपकारमा रमाउँदै देवघाट गलेश्वर आश्रम



चितवन। पवित्र तीर्थस्थल देवघाटस्थित गलेश्वर आश्रममा गत माघको औँसीका दिन दुई हजार पाँच सयभन्दा बढीले मानिसले निःशुल्क भोजन गरे । यसैगरी माघे सङ्क्रान्तिको दिन पनि त्यत्तिकैको संख्याका भक्तजन एवं सर्वसाधारणलाई भोजन गराएको अभिलेख आश्रमसँग छ । त्यसो त दैनिक तीन सयबढीले यहाँ निःशुल्क भोजन गर्ने गर्दछन् । आश्रम पुग्ने जो कोही भोकै फर्किनु पर्दैन । बिहान १० बजेबाट दिउँसो १२ बजेसम्म र साँझ पाँच बजेबाट सात बजेसम्म यहाँ निःशुल्क भोजन गर्न पाइन्छ।

सो आश्रममा एक सय ५५ वटा छुट्टाछुट्टै कुटी छन् भने साधक भवनमा ५५ वटा कुटीजस्तै कोठा छन् । हरेक कुटीमा खाना पकाउने भान्सा, सुत्ने कोठा र सँगै शौचालय बनाइएको छ। आश्रमका सञ्चालक महेन्द्रराज प्याकुरेलका अनुसार भक्तजन धेरै भएका बेला कुटी, धर्मशाला र सभाहलसमेतमा सुत्ने व्यवस्था गरिन्छ । उहाँले भन्नुभयो "एक हजार जनासम्मलाई निःशुल्क रूपमा सुत्ने व्यवस्था गर्न सक्छौँ ।"

कुटीमा ५० वर्षमाथिका ज्येष्ठ नागरिकहरु बस्दै आउनुभएको छ। एउटा कुटीमा श्रीमान्–श्रीमती भए दुई जना र नभए एक जना मात्र बस्ने व्यवस्था मिलाएको छ । सञ्चालक प्याकुरेलका अनुसार देशभरबाट यहाँ आउने भक्तजन आश्रमको कुटीमा बस्नु हुन्छ । उहाँहरुको शेषपछि कुटीको माग गरेकालाई पालोअनुसार दिने गरिएको छ । कुटीमा बसेको कुनै शुल्क लाग्दैन । आफैँ पकाएर खान सक्नेले आफैँ खान्छन् भने नसक्नेको हकमा सामूहिक भान्सा (भण्डारा)मा गई निःशुल्क खाने प्रबन्ध मिलाइएको आश्रमले जनाएको छ । बाहिरबाट आएर थप कुटी बनाएर बस्न चाहनेका लागि निर्माण खर्च लिन थालिएको छ। हक हस्तान्तरण नहुने गरी कुटी बनाउन पाइने व्यवस्था भएअनुसार जम्मा दुई वटा बनाइएको छ।

सो आश्रमअन्तर्गत वेदवेदाङ्ग संस्कृत विद्यापिठ सञ्चालित छ । देवघाटस्थित सो विद्यापिठमा कक्षा ६ देखि शास्त्री (स्नातक) तहसम्मको पढाइ हुनेगरेको छ। त्यहाँ अहिले दुई सय ३५ विद्यार्थी निःशुल्क रूपमा अध्ययन गरिरहेका छन् । यसैगरी आश्रमले देवघाटकै चितवनतर्फ ७५ जना क्षमताको ज्येष्ठ नागरिक विश्रान्ति कक्षसमेत सञ्चालन गर्दै आएको छ । न्यूनतम रकम लिएर यो आश्रम सञ्चालन गरिएको छ । वृद्धवृद्धालाई हीनताबोध नहोस् भन्नका लागि वार्षिक रु ४४ हजारदेखि रु ५० हजारसम्म शुल्क लिएर यो आश्रम सञ्चालन गरिएको सञ्चालक प्याकुरेलले जानकारी दिनुभयो।

आश्रम सञ्चालनका लागि सालाखाला मासिक रु २० लाख खर्च हुने गर्दछ। यो रकम दाताको सहयोग र अक्षयकोषको व्याजबाट सञ्चालन हुनेगरेको छ। पितृको नाममा वार्षिक तर्पण तथा पिण्ड दान एवं जन्मदिनमा शिवपूजन, रुद्राभिषेक, हवन गर्दा भक्तजन एवं दाताबाट प्राप्त हुने रकम अक्षयकोषमा राख्ने गरिएको छ। अहिलेसम्म चार हजार दुई सय जनाले अक्षयकोषमा रकम जम्मा गरेको आश्रमले बताएको छ । विसं २०५३ सालमा खडा गरिएको अक्षयकोषमा रकम जम्मा हुनेक्रम जारी छ। अहिले गलेश्वर आश्रममा भण्डारा, विश्रान्ती आश्रम र विद्यालयमा गरी ४३ जनाले सेवा दिँदै आएका छन् ।

महामण्डलेश्वर स्वामी आत्मनन्द गिरीको संरक्षकत्वमा आश्रम सञ्चालन हुँदै आएको छ । विसं १९८० सालमा तपश्वी अष्टाङ्ग योगसिद्ध ईश्वरानन्द ब्रम्हचारी (गलेश्वर बाबा)ले आफ्नो साधनास्थलको रूपमा कालिगण्डकीलाई पछ्याउने क्रममा म्याग्दीबाट चितवनको देवघाट आएर कुटी निर्माण गरी आश्रमको सुरुवात गर्नुभएको हो ।सो आश्रमका सचिव भोजराज पौडेलका अनुसार आश्रमअन्तर्गत करोडौँका संरचना निर्माण गरिएको र स्रोतसाधनले भ्याएसम्म आवश्यकताअनुसार संरचना निर्माणकार्यलाई निरन्तरता दिइने छ। आश्रम परिसरमा रु नौ करोडको लागतमा सिद्देश्वर महादेवको मन्दिर निर्माण गरिएको छ भने विद्यापिठ भवन रु १२ करोड बढी खर्च गरी बनाइएको छ।

सचिव पौडेलका अनुसार रु ५० करोडभन्दा बढीका संरचना आश्रम परिसरमा दाता र सरकारी निकायको सहयोगमा बनेका छन् । बेणीदेखि गलेश्वर चोकसम्म नेपाली ढुङ्गा छापेर धार्मिक पर्यटकीयमार्ग बनाउन सरकारी निकायसहित विदेशी दुतावाससँग पहल भइरहेको आश्रमले जनाएको छ।

पवित्र तीर्थस्थल देवघाटमा रही निश्वार्थ ढङ्गले मानव सेवामा समर्पित हुन पाएकोमा गर्व गर्दै गलेश्वर आश्रमका सञ्चालक महेन्द्रराज प्याकुरेलले भन्नुभयो, "भगवानको कृपा, साधुसन्त-माहात्मको आर्शीवाद, साहुमहाजन एवं चन्दादाताको अविस्मरणीय सहयोग, तमाम् भक्तजन, स्थानीय जनता र आमसर्वसाधारणको विश्वास र मायाका कारण अहिलेसम्म आश्रममा आए जतिलाई निःशुल्क भोजनसहित वृद्धवृद्धालाई कुटी र बालबालिकालाई स्नातक तहसम्मको शिक्षा दिन सकिएको हो । सेवा नै परमोधर्म हो भन्ने मान्यतालाई आत्मसाथ गरी समाजका असहाय, दीनदुखी, वृद्धवृद्धाको सहयोगमा समर्पित आश्रमलाई मन, वचन, कर्मले सहयोग गर्न सबैसँग अनुरोध गर्दछु।"रासस

# गुराँसले जोगाउँदै फुङ्लिङको पर्यटन व्यवसाय

फुङ्लिङ । ताप्लेजुङको वनपाखामा गुराँस फुल्न थालेको छ । गुराँसको यो रङ्गीन छटा सौन्दर्य मात्र होइन, पर्यटन प्रवर्द्धनको सम्भावित अवसर पनि हो। हरेक वर्षजस्तै यसपटक पनि गुराँस फुलेसँगै यहाँका स्थानीय



व्यवसायी र पर्यटनसँग सम्बन्धित व्यक्ति आशावादी देखिन्छन् ।

समुद्र सतहबाट तीन हजार मिटर उचाइमा अवस्थित सुकेटार विमानस्थल आसपासका क्षेत्रमा गुराँस फुलेर वनजङ्गल राताम्य देखिन्छन् । यसले प्रकृति प्रेमीलाई लोभ्याउँछ, बरु पर्यटन उद्योगसमेतमा सकारात्मक प्रभाव पार्छ । गुराँस फुल्ने मौसममा व्यापार बढ्ने स्थानीयको भनाइ छ । गुराँस हेर्नका लागि मानिस टाढा-टाढाबाट आउँछन् । यहाँ आउनेहरू गुराँससँग रमाउने मात्र नभई सोही कारणले व्यवसायलाई पनि टेवा पुगेको छ। गतवर्ष भन्दा यस वर्ष केही समय छिटो गुराँस फुलेको फुङ्लिङ नगरपालिका-७ का एलबी राईले बताउनुभयो।

गुराँस फुल्न थालेपछि सामाजिक सञ्जाल पनि रङ्गीन बन्न थालेका छन् । मानिसले गुराँससँग खिचिएका तस्बिर सामाजिक सञ्जालमा चर्चित बन्दै गएका छन्। कतिपय पर्यटक यहाँ गुराँस हेर्न मात्र होइन, प्राकृतिक सौन्दर्यसँग रमाउन पदयात्रा गर्न रुचाउँछन् । यस्ता गतिविधिले पाथीभरा क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको स्थानीय बताउँछन्। गुराँस सुन्दरता प्रदर्शनका लागि मात्र सीमित छैन । यसका औषधीय गुण पनि छन् । गुराँसका पात, बोक्रा र फूललाई विभिन्न औषधिमा प्रयोग गरिन्छ । स्थानीयस्तरमा गुराँसको अचार, सर्वत, रक्सी उत्पादन गरेर आर्थिक गतिविधि बढाउने पहल भइरहेको छ । ताप्लेजुङमा विगतका तुलनामा अलिक छिटै गुराँस फुल्नथालेका फुङ्लिङ-९ का स्थानीय लेकाली कान्छा मुक्कुमले बताउनुभयो ।

गुराँसलाई अझ व्यवस्थित ढङ्गले संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्न सकिने मुक्कुमले बताउनुभयो। सरकार तथा सरोकार भएका निकायले गुराँस उद्यान स्थापना गरी यसको व्यावसायिक उपयोगमा जोड दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।नेपालमा पाइने ३२ प्रजातिका गुराँसमध्ये ताप्लेजुङ, तेह्रथुम र सत्त रसभा जिल्लाको सङ्गमस्थल तीनजुरे मिल्के २८ प्रजातिका पाइन्छन् । ताप्लेजुङको पाथीभरा क्षेत्रमा २६ प्रजातिको गुराँस पाइने तथ्याङ्क रहेको संरक्षण क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका हिमाली संरक्षण मञ्च संस्थाका कार्यक्रम संयोजक रमेश राईले बताउनुभयो ।

"पाथीभरा क्षेत्र गुराँससँगै पर्यटनका लागि उत्कृष्ट सम्भावना बोकेको गन्तव्य बन्न सक्छ । यहाँको प्राकृतिक सौन्दर्य, विशेष गरी वसन्त ऋतुमा फुल्ने गुराँसका विभिन्न प्रजाति, पर्यटकलाई लोभ्याउने प्रमुख तत्व हुन सक्छन्", उहाँले भन्नुभयो ।रासस

# बाँके निकुञ्जमा देखिन थाले पाटे बाघ

नेपालगञ्ज । बाँके राष्ट्रिय निकुञ्ज र कम्दी करिडोरका राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रमा राखिएका क्यामेरामा पाटे बाघ र चितुवा देखिएका छन्। निकुञ्जका करिब ७० स्थानमा लगाइएका एक सय ६९ र कम्दी करिडोरमा लगाइएका ९५ क्यामेरामा बाघ र चितुवाको आवतजावत भएको देखिएको हो।

निकुञ्जका सूचना अधिकारी मन्दिप पङ्गेनीले करिब ८० दिनसम्म लगाइएको क्यामेरामा पाटे बाघ र चितुवा देखिएको भन्दै अहिले क्यामेरा निकालिएको बताउनुभयो । "बाघ र आहार प्रजातिको अवस्था बुझ्न क्यामेरा लगाइएको थियो। अहिले यसलाई निकालेर विश्लेषण गर्न बाँकी छ", उहाँले भन्नुभयो । पङ्गेनीले बाँके राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायत सङ्घसस्थाको संयुक्त प्राविधिक टोलीले एक महिनाभित्र विश्लेषणको काम सकेपछि वास्तविक तथ्याङ्क बाहिर आउने उल्लेख गर्नुभयो।

जिल्ला वन कार्यालयका प्रमुख शङ्करप्रसाद गुप्ताले कम्दी करिडोरको सामुदायिक तथा राष्ट्रिय वनमा दुई किलोमिटरको दूरीमा क्यामेरा जडान गरेर पाटे बाघ र चितुवाको अध्ययन भइरहेको जानकारी दिनुभयो। ती क्यामेरा करिडोरमा एक साता अघि लगाइएको थियो। उहाँले क्यामेरामा बाघ र चितुवा आवतजावत गरेको देखिएको उल्लेख गर्दै बाघ कुनकुन बाटोबाट हिड्छन् भन्ने जानकारी समेत प्राप्त भइरहेको बताउनुभयो।

वन प्रमुख गुप्ताले जडान गरिएका क्यामेरा १५ दिनसम्म कम्दी करिडोरमा रहने जानकारी दिँदै क्यामेराबाट बाघ र आहारा प्रजातिको वास्तविक तथ्याङ्क आउने बताउनुभयो । "यसको विस्तृत तथ्याङ्क आएपछि प्राविधिक टोलीले विश्लेषण गर्नेछ र आगामी दिनका लागि योजना बनाइने छ", उहाँले भन्नुभयो।

यसअघि भएको गणनामा बाँके राष्ट्रिय निकुञ्जमा २५ बाघ रहेका पाइएको गुप्ताले जानकारी दिनुभयो । बाँके राष्ट्रिय निकुञ्ज विसं २०६७ मा स्थापना भएको थियो। एघार किसिमका दुर्लभसहित ३४ किसिमका स्तनधारी, ५० किसिमका दुर्लभसहित तीन सय किसिमका पन्छी, दुई किसिमका दुर्लभसहित २४ घस्रने, पाँच किसिमका दुर्लभसहित ५५ बढी प्रजातिका माछा प्रजातिका जीवजन्तु यहाँ रहेका निकुञ्ज कार्यालयले जनाएको छ ।रासस

# कृषिमा यान्त्रिकीकरणले व्यावसायिक खेती गर्ने बढ्दै



कञ्चनपुर । कृषिमा यान्त्रिकीकरण हुन थालेपछि कञ्चनपुरमा व्यावसायिक खेती गर्ने किसानको संख्या बढ्न थालेको छ। खेत जोत्नका लागि आधुनिक ट्र्याक्टर, पावर टिलर, मिनी टिलरलगायतको प्रयोग हुन थालेपछि युवाहरूको आकर्षण कृषितर्फ बढ्न थालेको हो । कृषिमा यान्त्रिकीकरणलाई बढावा दिन प्रधानमन्त्री आधुनिकीकरण परियोजनाले पनि महत्वपूर्ण भूमिका खेलेको छ।

कृषि यान्त्रिकीकरणले कार्यबोझ घटाउने, थोरै समयमा धेरै कार्य गर्न सकिने, लागत खर्च घट्ने, जमिनको उत्पादकत्व बढाउने, जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउने भएकाले यसतर्फ किसानको आकर्षण बढ्दै गएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ कञ्चनपुरका प्रमुख सञ्जु उपाध्याय रिमालले बताउनुभयो।

किसानलाई सरकारी तवरबाट आधा मूल्यमै अनुदानमा कृषि उपकरण तथा औजार उपलब्ध गराउने व्यवस्था भएसँगै निकै सहज रूपमा कृषिजन्य कार्य गर्न सकिएको उहाँले बताउनुभयो । रिमालका अनुसार परियोजनाबाट आर्थिक वर्ष ०७३/७४ देखि चालु आवसम्म जिल्लाका विभिन्न ठाउँमा गरी १० वटा कष्टम हायरिङ सेन्टर स्थापना गरी किसाानलाई सहुलियत दरमा कृषियन्त्र तथा उपकरणका माध्यमबाट सेवा प्रदान गरिँदै आएको छ।

धान सुपरजोन कार्यक्रम लागू भएका क्षेत्रमा स्थापना भएका सेन्टरबाट किसानले बजार दरभन्दा २० प्रतिशत सहुलियतमा कृषि औजार तथा उपकरण प्रयोग गरिरहेका छन् । जसकारणले उत्पादन लागतमा कमी आउनाका साथै कार्यबोझमा निकै कमी आएको पाइएको उहाँको भनाइ छ।

केन्द्रलाई सातवटा ट्र्याक्टर, २२ वटा पावर टिलर, ११ वटा रिपर, दुईवटा ड्रन रिपर, पाँचवटा ट्र्याक्टर ट्राली, सात रोटाभेटर, लेजर ल्यान्ड लेभलर एका, धान थ्रेसर सात, गहुँ थ्रेसर पाँच, डिस्क ह्यायारो चारा, मल्टिक्रप सिड ड्रिल चार र पाँचवटा राइस ट्रान्सप्लान्ट अनुदानमा उपलब्ध गराइएका छन् ।

यसैगरी, केज ह्विल आठ, पावर स्प्रेयर डबल पिस्टन दुई, इलेक्ट्रोनिक स्प्रेयर एक र एक वटा रिपर हारभेष्टर अनुदानमा उपलब्ध गराइएको छ । योसँगै धान सुपर जोन तथा गहुँ जोन क्षेत्रभित्रका ६८ कृषक समूह, सहकारी संस्था, कृषि फार्मलगायतलाई ११८ कृषियन्त्र तथा उपकरण अनुदानमा उपलब्ध गराइएको कार्यालय प्रमुख उपाध्यायको भनाइ रहेको छ । "कृषि यान्त्रिकीकरण प्रवर्द्धन भई जनश्रमबाट हुने गरेको धान तथा गहुँ कटाइको कार्य रिपर मेसिनबाट हुन थालेको छ", उहाँले भन्नुभयो, "छरुवा धानखेतीसँगै मेसिनबाट धान रोपाइँ गर्न सहज भएपछि नियमितका साथै चैते धानखेतीप्रति आकर्षण बढेको छ।"

परम्परागत विधिबाट खेती गर्दा औसतमा एक हेक्टर क्षेत्रफलमा रु ९० हजार खर्च लाग्ने भएकामा छरुवा धानखेती प्रविधिमार्फत खेती गर्दा औसतमा रु ५४ हजार उत्पादन लागत रहेको पाइएको छ । मेसिनबाट धान रोपाइँ प्रविधितर्फ कृषकहरूको आकर्षण बढेकाले आव २०८०/८१ मा ३५ हेक्टर क्षेत्रफलमा मेसिनबाट धान रोपाइँ कार्यक्रम सञ्चालन गरिएको परियोजना कार्यान्वयन एकाइले जनाएको छ।

कृषि क्षेत्रमा भइरहेको श्रमशक्तिको अभाव र कष्टप्रद श्रमभार जस्ता समस्याहरू समाधान गर्न कृषिमा यान्त्रिकीकरण गर्नु अत्यावश्यक भएको रिमालको भनाइ छ । परियोजनाअन्तर्गत जिङ्क, बोर्लोग, आदित्यलगायत उन्नत जातका गहुँ सिड ड्रिल तथा सुपर सिडर मेसिनको प्रयोगमा किसानको आकर्षण बढेको छ। उहाँले आव २०८०/८१ मा १२५ दशमलव ६६ हेक्टरमा विजय, आदित्य, वी एल-४३४१, वाणगङ्गा जातका गहुँखेती प्रवर्द्धन गरिएको बताउनुभयो । चालु आवमा ७३ हेक्टर क्षेत्रफलमा गहुँ बीउ उत्पादन भइरहेको छ।

कृषियन्त्र र उपकरणकै कारण हिउँदे तथा वसन्ते मकैको खेतीप्रति कृषकको आकर्षण बढेको छ । चालु आवमा मात्रै १५१ हेक्टरमा हिउँदे तथा वसन्ते मौसममा रामपुर हाइब्रिड-१०, रामपुर हाइब्रिड-१२ र अरुण-२ लगायतका जातको मकैखेती प्रवर्द्धन गरिएको छ । कृषिमा महिलाहरूको कष्टप्रद श्रमभार घटाउन यान्त्रिकीकरणले सघाउ पुऱ्याएको शुक्लाफाँटा नगरपालिका कृषि शाखाका प्रमुख करन बुढाएर बताउनुहुन्छ। कृषि क्षेत्रमा निजी, सहकारी एवं युवावर्गको आकर्षण बढाउन यस कार्यले सहयोग पुऱ्याएको उहाँको ठहर छ।

कृषिको आधुनिकीकरणका लागि कृषि यान्त्रिकीकरण नै मुख्य माध्यम रहेको चर्चा गर्नु हुँदै बुढाएरले यसको प्रयोगले मानवीय श्रमभार न्यूनीकरण, कृषि श्रमिकको अभावपूर्ति, उत्पादकत्वमा वृद्धि, समयमै कृषिकर्म सम्पन्न गर्नाको साथै रोजगारीको अवसर पनि सिर्जना हुने बताउनुभयो। "पछिल्लो समय विदेशबाट फर्किएर आधुनिक तरिकाबाट कृषि उत्पादनमा लाग्ने युवाले कृषियन्त्र, उपकरण र प्रविधिको प्रयोगलाई बढावा दिन थालेका छन । त्यसका लागि नगरपालिकाबाट सहकार्य र समन्वय भइरहेको छ", उहाँले भन्नुभयो। रासस

# यस्तो छ तरकारी र फलफूलको थोक मूल्य



काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । विहिबार गोलभैंडा ठूलो (नेपाली) प्रतिकेजी रु ५० गोलभैंडा ठूलो (भारतीय) प्रतिकेजी रु ६०, गोलभैंडा सानो (तराई) प्रतिकेजी रु २२, आलु रातो प्रतिकेजी रु ३३, आलु रातो (भारतीय) प्रतिकेजी रु ३२, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७२, गाजर (लोकल) प्रतिकेजी रु ३५, गाजर (तराई) प्रतिकेजी रु ३०, बन्दा (लोकल) प्रतिकेजी रु १२, बन्दा (तराई) प्रतिकेजी रु १२, बन्दा (नरिवल) प्रतिकेजी रु १२, काउली स्थानीय प्रतिकेजी रु २५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ३०, काउली (तराई) प्रतिकेजी रु २५, मूला रातो प्रतिकेजी रु ४५, मूला सेतो (लोकल) प्रतिकेजी रु २५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ३०, भन्टा डल्लो प्रतिकेजी रु ५० कायम भएको छ।

यसैगरी, मटरकोसा प्रतिकेजी रु ५५, घिउ सिमी (लोकल) प्रतिकेजी रु ५५, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ५५, घिउ सिमी (राजमा) प्रतिकेजी रु ९० टाटे सिमी प्रतिकेजी रु ७०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ५०, परबर प्रतिकेजी रु २२०, घिरौला प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु १२, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु १२, भिण्डी प्रतिकेजी रु ११०, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु १३०, स्कूस प्रतिकेजी रु ४५, रायो साग प्रतिकेजी रु २५, पालुङ्गो साग प्रतिकेजी ५०, चमसुरको साग रु ५०, तोरीको साग प्रतिकेजी रु २५, मेथीको साग प्रतिकेजी रु ६०, प्याज हरियो प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ६०, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु १००, च्याउ (डल्ले) प्रतिकेजी रु ३५०, कुरिलो प्रतिकेजी रु १,८०० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ४५, चुकुन्दर प्रतिकेजी रु ६०, सजीवन प्रतिकेजी रु २००, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ६०, ग्याठ कोबी प्रतिकेजी रु ४०, सेलरी प्रतिकेजी रु १५०, सौफको साग प्रतिकेजी रु ६०, पार्सले प्रतिकेजी रु ३००, पुदिना प्रतिकेजी रु ३००, गान्टे मूला प्रतिकेजी रु ६०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२० र गुन्द्रुक प्रतिकेजी रु ३५० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २००, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १५०, कागती प्रतिकेजी रु १८०, अनार प्रतिकेजी रु ३८०, अङ्गुर (हरियो) प्रतिकेजी रु १८०, अङ्गुर (कालो) प्रतिकेजी रु २५०, सुन्तला (भारतीय) प्रतिकेजी रु १४०, तरबुजा प्रतिकेजी रु ५०, मौसम प्रतिकेजी रु १६०, जुनार प्रतिकेजी रु १४०, भुइँकटहर प्रतिगोटा रु १८०, काँक्रो (लोकल) प्रतिकेजी रु ८०, काँक्रो (हाइब्रिड) प्रतिकेजी रु ३५, रुख कटहर प्रतिकेजी रु ११०, निबुवा प्रतिकेजी रु ७०, नासपाती (चाइनिज) प्रतिकेजी रु २४०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १४०, लप्सी प्रतिकेजी रु १३०, खरबुजा प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ४००, किवी प्रतिकेजी रु ४८० निर्धारण गरिएको छ। रासस

# चर्को मूल्यवृद्धिको विरोधमा अनौठो शैलीमा प्रदर्शन




**अनिल तिवारी**

वीरगञ्ज। सिमेन्टमा गरिएको कार्टेलिङविरूद्ध वीरगञ्जमा अनौठो शैलीमा प्रदर्शन गरिएको छ।

वीरगञ्जमा बिहीबार नेकपा माओवादी केन्द्रका नेता समेत रहेका प्रदेशसभा सदस्यको अगुवाइमा सिमेन्टको मूल्यवृद्धिको विरोध गर्दै अनौठो किसिमले प्रदर्शन गरिएको छ।

मूल्य बढेको बढेयै, हामी हेरेको हेरेयै, राज्य डुब्दैछ पूरै, राज्य हेरेको हेरेयै, लगायतका नारा लेखिएको प्लेकार्ड सहित वीरगञ्जको घण्टाघरबाट शुरू भएको विरोध प्रदर्शन मुख्य चोक माइस्थान, आदर्शनगर, घडिअर्वा हुँदै पुन घण्टाघरमा पुगेर कोणसभामा परिणत भएको थियो।

सिमेन्टका बोरा लगाएर प्रदर्शनकारीहरुले वीरगञ्जको घण्टाघरबाट नारा लगाउँदै महानगरको परिक्रमसमेत गरेको थियो । सो परिक्रमापश्चात कोणसभामा परिणत भएको थियो ।

प्रदेश सभासदस्य रोहबार अन्सारीले सिमेन्टको मूल्यवृद्धिको विरोधमा सरकारको ध्यानाकर्षण गराउँदै मूल्यवृद्धि फिर्ता लिन आग्रह गरे ।

उनले भने, 'सिमेन्टको मूल्य आकाशिएको छ, हामी नेपाली जनतालाई लुट्ने र ठग्ने काम भइरहेको छ । भारतमा प्रतिबोरा २ सय ८० रुपैयाँमा निर्यात नेपाली सिमेन्ट नेपालीले भने ८ सय रुपैयाँ तिर्नुपरी रहेको छ । यसले आम नागरिकको घर बनाउने सपनालाई तुहाएको छ ।'

पूर्वराज्यमन्त्री अन्सारीले निर्माण क्षेत्र ठप्प भएर सिमेन्टको माग पनि बजारमा नभए पनि त्यसको मूल्य बढाएको भन्दै सरकार मूकदर्शक बनेको आरोप लगाए ।

उनले सिमेन्ट उद्योगहरुले कार्टेलिङ गरेर सिमेन्टको मूल्य बढाएको भन्दै सर्वोच्च अदालतमा समेत रिट दिनुभएको छ । त्यसमा सर्वोच्च अदालतले कारणदेखाउ आदेश जारी गरेको छ ।

# संघीय शिक्षा ऐनको माग गर्दै प्रदर्शन

शिक्षकहरुले संविधानको अनुसूची ८ को अधिकार अनुसुची ९ मा ल्याउनुपर्ने, अस्थायी शिक्षकलाई प्रक्रिया पुऱ्याएर स्थायी गर्नुपर्ने, शिक्षकहरुको १० वर्षमा अनिवार्य बढुवा हुनुपर्ने सहितका सुझावहरु ध्यानाकर्षणपत्रमा उल्लेख गरी बुझाएको एकिकृत अखिल नेपाल शिक्षक संगठन मधेश प्रदेशका महासचिव गुलाब यादवले बताए ।




**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय शिक्षा ऐनको माग गर्दै जनकपुरधाममा शिक्षकहरूले बिहीबार प्रदर्शन गरेका छन् ।

प्रदर्शनपछि शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीलाई प्रदर्शनकारी शिक्षकहरुको एक समूहले ध्यानाकषर्ण पत्र बुझाएका छन् ।

नेपाल शिक्षक संघ मधेश प्रदेशका संयोजकसमेत रहेका प्रदेश आन्दोलन परिचालन समितिका अध्यक्ष परशुराम यादवको अगुवाइमा शिक्षकहरुको अधिकारका लागि गठित नेपाल राष्ट्रिय शिक्षक संगठन, अखिल नेपाल शिक्षक संगठन, प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक सहितका सात वटा संघ, संगठनमा आवद्ध शिक्षकहरूले शिक्षकको अधिकारसँग सम्बन्धित सुझावहरु संघीय शिक्षा ऐनमा समावेश गरी शिक्षा ऐन ल्याउनु पर्ने माग गर्दै शिक्षा तथा संस्कृति मन्त्री तिवारीलाई ध्यानाकर्षण पत्र बुझाएका छन् ।

शिक्षकहरूले बुझाएको ध्यानाकर्षणपत्र बुझ्दै शिक्षामन्त्री तिवारीले प्रदेश सरकारले संविधानमा उल्लेखित कतिपय अधिकारको लागि आफै संघर्षरत रहेको भन्दै शिक्षकहरूले उठाएका मागको विषयलाई संघ सरकार समक्ष पुऱ्याउने प्रतिवद्धता व्यक्त गरिन् ।

शिक्षकहरूले संविधानको अनुसूची ८ को अधिकार अनुसुची ९ मा ल्याउनुपर्ने, अस्थायी शिक्षकलाई प्रक्रिया पुऱ्याएर स्थायी गर्नुपर्ने, शिक्षकहरूको १० वर्षमा अनिवार्य बढुवा हुनुपर्ने सहितका सुझावहरू ध्यानाकर्षणपत्रमा उल्लेख गरी बुझाएको एकिकृत अखिल नेपाल शिक्षक संगठन मधेश प्रदेशका महासचिव गुलाब यादवले बताए ।

शिक्षकहरूले प्रदेश सरकारले निषेधित गरेको क्षेत्रमा प्रदर्शन गर्न खोज्दा केही बेर प्रहरीसँग भनाभन पनि भएको थियो ।

# उच्च अदालतद्वारा धनौजी गाउँपालिकाको सभा रद्द




**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष मसान्तको अन्त्यतर्फ उच्च अदालत जनकपुरले धनौजी गाँउपालिको सभा नै रद्द गरिदिएको छ ।

उच्च अदालत जनकपुरले फागुन ६ गते फैसला सुनाउँदै धनौजी गाउँपलिकाकी उपाध्यक्ष रामवति मण्डलले दिएको रिटमाथि बहसपछि अदालतले गाउँपालिकाको मिति २०८१ असोज १९ गते निर्णय नं १ देखि ३ सम्म र २०८१ असोज २० (निर्णय नं १ देखि ७० सम्म) को गाउँसभा को सम्पूर्ण निर्णय र चालु आर्थिक वर्ष को योजना तथा बजेट, नीति तथा कार्यक्रम, मनपरी कर असुली गर्ने आर्थिक विधेयक, विनियोजन विधेयक, जिन्सी निरीक्षण प्रतिवेदन, इन्धन वितरण कार्यविधि, कर्मचारी प्रोत्साहन तथा खाना खाजा खर्च कार्यविधि बदर गर्न आदेश दिएको छ ।

संविधान प्रदत अधिकार एवं दायित्व पुरा गर्न सभा तथा बैठकमा सहभागी गराइ कामकाज गराउन असोज ६ गते अदालतले दिएको आदेश पालना नगरी उपाध्यक्ष मण्डललाई बैठकमा सहभागी हुने सूचना समेत नदिइ गाँउसभाबाट गरिएको सम्पूर्ण निर्णय बदर गरिएको आदेश गरेको छ ।

उच्च अदालत जनकपुरले जारी गरेको आदेश अनुसार गाउँसभा बदर भएको धनौजी गाउँपालिकाको चालु आर्थिक वर्षको रेडबुक अन्तर्गत सञ्चालन भएका ४५ करोड ७९ लाख ७६ हजार रुपैयाँ बराबरको सम्पूर्ण योजना तालिम गोष्ठी, कार्यक्रम अलपत्र परेको छ ।

धनौजी गाउँपालिकालाई पीसी मुक्त बनाउने, ठोस योजना, फुटकर योजनाविहीन, अस्तव्यस्त शैक्षिक अवस्थालाई सुधार गर्ने, खर्च प्रतिवेदन सार्वजनिक गर्नुपर्नेलगायतका माग उपाध्यक्ष रामवतिले गरेकी छन् ।

# कुस्ती खेलसंगै पाँचदिने छैटौं मौलापुर मधानी महोत्सव सम्पन्न




**सञ्जय मिश्रा**

रौतहट । रौतहटको मौलापुर नगरपालिकाद्वारा पतौराधाममा आयोजित मधानी महायज्ञको अन्तिम पाँचौ दिन बिहीबार अन्तर्राष्ट्रिय पहालावानको सहभागितामा प्राचीन खेल दंगल कुस्तीसंगै सम्पन्न भएको छ ।

दंगल कुस्ती खेलमा नेपाल र भारतका नामुद पुरुष तथा महिला तर्फ चर्चित दर्जन बढी पहलवानहरूको सहभागिता रहेको थियो ।

मेयर रिनाकुमारी साहको प्रमुख आतिथित्य तथा उपमेयर नागेन्द्र यादवको अध्यक्षतामा सम्पन्न भएको कुस्ती पहालावानी खेलमा हजारौं दर्शकहरुको सहभागिता रहेको थियो ।

पतौराधाम स्थित धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं ऐतिहासिक पुरातात्विक महादेव मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने संकल्पसहित गत आइतबारदेखि शुरु भएको मधानी महायज्ञ पाँच दिनसम्म विभिन्न कार्यक्रम सहित बिहीबार सम्पन्न भएको छ ।

पहिलो दिन फागुन ११ गते विभिन्न विद्यालयका विद्यार्थीहरुले शिक्षा ,साक्षारत केन्द्रित सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

१२ गते भगवान् शिवको बाजागाजासहित भव्य बरात यात्रा निकालिएको थियो । भगवान शिवको जन्ती यात्रालाई आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले स्वागत गरेका थिए । १३ गते शिव मन्दिरमा विशेष पूजा भएको थियो र शिव मण्डलीहरुका बीचमा भजन तथा धार्मिक कार्यक्रम प्रस्तुत गर्ने प्रतिस्पर्धा भएको थियो । बुधवार १४ गते मधानी विशेष सांस्कृतिक कार्यक्रममा नेपाल र भारतका चर्चित कलाकारहरूले आफ्नो प्रस्तुति राखेका थिए । भोजपुरी फिल्मका लेखक, निर्माता तथा पूर्वमन्त्री बिनय बिहारी, 'डायरी अफ मणिपुर' फिल्मका निर्देशक सनोज मिश्र, भोजपुरीका चर्चित गायक एवं अभिनेता रितेश पाण्डे, महाकुम्भ मेलाका भाईरल गर्ल मोनालिसासहित भोजपुरी कलाकारहरू मिंटुवा, गायक सुनील पण्डित, नेपाली गायक गौरभनारायण राइ, भोजपुरीका कलाकार, प्रिया सुहानी लगायत स्थानीय कलाकारको पनि विशेष प्रस्तुति रहेको थियो ।

सांस्कृतिक कार्यक्रम हेर्न रौतहट, बारा, पर्सा, सर्लाही संगै भारत बिहारबाट मानशागर ओर्लिएको थियो ।

मधानी महायज्ञ नेपाल-भारत सम्बन्धको सेतु बनेको मौलापुर नगरपालिकाका मेयर रिना कुमारी साहले दाबी गरेकी छन् ।

प्रत्येक वर्ष महाशिवरात्रिको अवसरमा भगवान् शिव पार्वतीकोको विवाह उत्सवको रुपमा मनाइने मधानी महायज्ञले धर्म, संस्कृतिको संरक्षण समेत हुने गरेको मेयर साहले बिश्वास व्यक्त गरेकी छन् ।

# दुई कार्यालयको उद्घाटन गर्न मन्त्रीको लर्को

**टुडे समाचारदाता**




वीरगञ्ज । पर्सा जिल्लाको पोखरियामा स्थापना गरिएको दुई इकाइ कार्यालयको तीन मन्त्रीले उद्घाटन गरेका छन् । सेवाग्राहीको प्रत्यक्ष सरोकार रहेका मालपोत र नापी कार्यालयका इलाका कार्यालय पोखरियामा स्थापना भएको छ ।

जिल्लाको क्षेत्रगत हिसाबले केन्द्रमा पर्ने पोखरिया बजारमा स्थापना भएका नापी र मालपोत कार्यालयको संयुक्त रुपमा संघीय सरकारका मन्त्रीहरुले बिहीबार उद्घाटन गरेका छन् ।

संघीय सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी र कानुन न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसिया, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले नवनिर्मित कार्यालयको संयुक्त रुपमा उद्घाटन गरे । सो उद्घाटन कार्यक्रममा मधेश प्रदेश सरकारका भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री जनार्दन सिंह क्षेत्री र खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालको पनि उपस्थिति रहेको थियो ।

सेवाग्राहीलाई पायक हुने गरी छिमेकी जिल्ला बारा र रौतहटलगायत तराईका अधिकांश जिल्लाहरुमा मालपोत र नापी कार्यालयका इलाका कार्यालय स्थापना भए पनि पर्साका स्थानीयहरु इलाका कार्यालय स्थापनाका लागि लामो समयसम्म संघर्ष गर्दै आएका थिए ।

संघीय सरकारले पर्सा जिल्लाको ग्रामीण भेगका जनतालाई सहज हुने गरी जिल्लाको पश्चिमी सिमाना वीरगञ्जमा रहेको मालपोत तथा नापी कार्यालयको सेवा विस्तार गर्दै पोखरियामा पनि इलाका कार्यालय स्थापना गरेको जनाइएको छ ।

पोखरियामा रहेको उक्त कार्यालयबाट पोखरिया नगरपालिका, छिपहरमाइ गाउँपालिका, कालिकामाइ, पकहामैनपुर, बिन्द्बासिनी, धोबिनी र जगरनाथपुर गाउँपालिका गरी सातपालिकाको जग्गा सम्बन्धी सबै कार्य हुने गरी कार्यालय स्थापना गरिएको कार्यक्रममा जानकारी गराइएको थियो ।

# हत्या आरोपमा एक महिला पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा प्रेमीको हत्या गरेको आरोपमा एक महिलालाई प्रहरीले पक्राउ गरेको छ ।

धनुषाको कमला नगरपालिका-६ स्थित सिंग्याही मडानका ३३ वर्षीय शाहिद अन्सारीको हत्याको आरोपमा धनुषाकै मिथिला बिहारी नगरपालिका-६ स्थित सिरसिया टोलकी २४ वर्षीया अनिताकुमारी यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

मृतक अन्सारीकी श्रीमती अजिमा खातुनले दिएको जाहेरीको आधारमा आरोपित यादवलाई जिल्ला प्रहरी कार्यालय धनुषाले उनकै घरबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले बिहीबार पत्रकार सम्मेलनमार्फत जानकारी दिएको छ ।

गत पुस ४ गते धुनषाको मिथिला बिहारी नगरपालिका-२ स्थित पुरनदाहा टोलस्थित जनकपुरधाम-धनुषाधाम सडकखण्डमा रहेको खैरा खोलाको पुलमुनि अन्सारीको निधार तथा घाँटी रेटेर बोराभित्र बाँधिएको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीको प्रारम्भिक अनुसन्धाबाट मृतक अन्सारीसंग अनिताकुमारी यादव साढे दुई वर्ष प्रेम सम्बन्धमा रहेको खुलासा भएको छ । मृतकले अनितालाई कतार रहदाँ बेलाबेलामा पैसा समेत पठाउने गरेको खुल्न आएको धनुषा प्रहरीका एसपी भुवनेश्वर तिवारीले जानकारी दिए । अनुसन्धानकै क्रममा यादवको श्रीमान राजकिशोर यादवको समेत संलग्नता रहेको उनले बताए ।

आरोपित यादव गत मंसिर १५ गते साउदीबाट घर फर्किएका थिए । अनिताले मृतक अन्सारीलाई उनको श्रीमती विरामी रहेको झुठो खबर दिइ कतारबाट नेपाल बोलाएकी थिइन् । अन्सारी मंसिर २६ गते घर फर्किएका थिए । अन्सारीलाई अनिताले मंसिर २७ गते आफ्नो घरमै बोलाएर श्रीमान् श्रीमती मिलेर उनलाई सुत्ने कोठामा बन्धक बनाइ बञ्चरो प्रहार गरी हत्या गरेको उनले बताए ।

सो घटना लगत्तै अनिताका श्रीमान् राजकिशोर साउदी फर्किएको उनको दाबी छ । राजकिशोरलाई नेपाल फिर्ता ल्याउन आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको एसपी तिवारीले बताए ।

**अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं**

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक विद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गमैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८